# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## अग्निसाइर कृष्णासवरन गाउँपालिका
## सप्तरी

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## अग्निसाइर कृष्णासवरन गाउँपालिका
## सप्तरी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## अग्निसाइर कृष्णासवरन गाउँपालिका

## सप्तरी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
मधेश प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. १६७

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

अग्नीसाईर कृष्णासवरन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

सप्तरी।

१. **कैफियत सहितको राय** — हामीलेपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू ४ करोड १६ लाख १७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.६२ लाख २८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १ करोड १५ लाख ८३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू.२ करोड २६ लाख ९९ हजार, नियमित गर्नुपर्ने रु. ६ लाख ६ हजार र पेश्की बाँकी रु. ५ लाख समेत गरी यस वर्ष रु.३ करोड ५३ लाख ८९ हजार बेरुजू कायम रहेको छ । अग्नीसाईर कृष्णासवरन गाँउपलिकाको गतवर्ष सम्म रु.२२ करोड ६ लाख ३५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२५ करोड ५० लाख २८ हजार रहेको

छ ।**अग्नीसाईर कृष्णासवरन गाँउपालिका बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने अग्नीसाईर कृष्णासवरन गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्याम प्रसाद भण्डारी)

**नायब महालेखापरीक्षक**

अगनीसाईर कृष्णासवरन गाउँपालिका,
सप्तरी जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिए को | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५४ | १४० | ४१६१७ | ० | ९ | ६२२८ | ५४ | १३१ | ३५३८९ | ११५८४ | ६०६ | २२६९९ | ० | ० | २३३०५ | ५०० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सप्तरी | २२०६३५ | ० | ९९६ | २१९६३९ | ० | ३५३८९ | २५५०२८ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | २३.३ | विल भरपाईको प्रमाण पेश | १८७४४० |
| | ०७९।८० | ३८ | माक्स र ग्लोब्स वितरणको भरपाई पेश | ६२२००० |
| | ०७९।८० | ५१.९ | सेनीटरी प्याडको वितरणको भरपाई पेश | ६३७११२ |
| | ०७९।८० | ५५ | भुक्तानी बाँकीको कच्चावारीको प्रमाण पेश | ३९७००० |

| | | | | |
|---|---|---|---|---|
| | ०७९।८० | ५६ | जिन्सी दाखिला प्रतिवेदनको प्रमाण पेश | २९९४५० |
| | ०७९।८० | ६४ | दाउरा खरिदको विल भरपाईको प्रमाण पेश | १२९००० |
| | ०७९।८० | ६९ | न्यानो झोला वितरणको भरपाई पेश | ३१४७६२ |
| | ०७९।८० | ७१ | स्वास्थ्य संस्थामा औषधी हस्तान्तरणको प्रमाण पेश | ३५६६६१० |
| | ०७९।८० | ७३ | ग्यास चुल्हो वितरणको भरपाई को प्रमाण पेश | ७५००० |
| | **२०७९।८० जम्मा** | | | ६२२८३७४ |
| | **२०७८।७९** | | | ९९६०१८ |
| | **कुल जम्मा** | - | - | ७२२४३९२ |

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा, १०३.०८ वर्ग किलोमिटर क्षेत्रफल तथा २७,१२९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१९ देखि २०८०।६।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति-** कार्यालयको विनियोजनतर्फ , राजश्वतर्फ , धरौटीतर्फ, अन्य कारोबारतर्फ , आय — व्ययतर्फ रु. ५४२५६३०९.४५, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. ५४२५६३०९.४५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा

संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४८५२१८.३६ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | उ स लाई बढि भुक्तानी भएको रकम संघिय संचित कोष दाखिला | १२६४८७.३६ |
| २ | वडा नं १ को भवन निर्माणको लागि संघिय कोषबाट पालिकाबाट दाखिला | ३५८७३१ |

२ **लेखापरीक्षण-** यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

३ **वित्तिय प्रतिवेदन-**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७९।८० को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छः

अग्निसायर कृष्णसवरन गाँउपालिका

एकीकृत आर्थिक विवरण ०८९।८०

| सि.नं. | आय तर्फ | | रकम | सि.नं. | व्यय तर्फ | | रकम |
|---|---|---|---|---|---|---|---|
| १. | **गत वर्षको जिम्मेवारी** | | ९६७५५४३२.८१ | १. | **चालु खर्च** | | २५८८३१२८६.९८ |
| | बैंक(विविध खर्च) | ५०८९७०१.०० | | | गाउँपालिका चालु | १०००२५४४०.८८ | |
| | | | | | प्रदेश सरकारबाट हस्तान्तरित चालु | ०. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | संचितकोष | ८५६५०१६०.६१ | | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम चालु | १५८८०५८४६.१ | |
| | बैंक (आकस्मिक खाता) | १५८७२०.०० | | २. | **पुँजिगत खर्च** | | १९७७०४३३५. |
| | प्रकोप व्यवस्थान कोष | २१८४७६.२० | | | गाउँपालिका पूंजीगत | १४१९१५५१२. | |
| | धरौटी मौज्दात | ५६३८३७५.०० | | | संघीय सरकारबाट हस्तान्तरित पूंजीगत | ३८७३३३८५. | |
| २. | **संघ अनुदान** | | **३०४०९९२३१.१०** | | प्रदेश सरकारबाट हस्तान्तरित पूंजीगत | १७०५५४३८. | |
| | वितिय समानिकरण | १०६५६००००.०० | | ३. | **विषयगत निकासा खर्च** | | **१३४५७०८६४.७१** |
| | शशर्त अनुदान | १९४४५२१५९.१० | | | सामाजिक सुरक्षा तथा संरक्षण | १३४५७०८६४.७१ | |
| | विषेश अनुदान | ०।०० | | | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ०. | |
| | समपुरक अनुदान | ३०८७०७२.०० | | ४. | **प्रकोप व्यवस्थापन कोष** | ०. | **०.** |
| ३. | **प्रदेश अनुदान** | | २५१८७४३८.०० | ५. | **विविध खर्च खाता युनिसेफ** | ९७९७८८९. | **९७९७८८९.** |
| | वितिय समानिकरण | ८१३२०००.०० | | ६. | **धरौटी फिर्ता** | ३०७४८४२ | ३०७४८४२ |
| | बिशेष अनुदान | २९१२८२९.०० | | | | | |
| | समपुरक अनुदान | २००००००.०० | | | | | |
| | शशर्त अनुदान | १२१४२६०९.०० | | ७ | **अनुदान फिर्ता** | | **०.** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८९/८०<br>० | | |
| | **राजश्व बाँडफाँड** | | **७७०४९८६८.२२** | | संघ | ०. | |
| ४. | संघ | ६९२२३०५१.६४ | | | प्रदेश | ० | |
| | प्रदेश | ७८२६८१६.५८ | | ८ | **मौज्दात** | | ५४२५६३०९.४५ |
| | **आन्तरिक आय** | | **९६३६९९५.८०** | | स्थानीय तह सञ्चित कोष खाता | ४५०८८०७१.७५ | |
| ५. | आन्तरिक राजश्व गाउँपालिका | 0100 | | | चालु खर्च खाता | ० | |
| | आन्तरिक आय मालपोत | 0100 | | | पुँजीगत खर्च खाता | ० | |
| | बेरुजु दाखिला | ९६३६९९५.८० | | | विविध खर्च खाता | ३६७०६४३.५ | |
| | **विषयगत निकासा** | | **१३४५७०८६४.७१** | | आन्तरीक अनुदान खाता | ० | |
| ६ | सामाजिक सुरक्षा तथा संरक्षण | १३४५७०८६४.७१ | | | प्रकोप व्यवस्थापन कोष | २१८४७६.२ | |
| | | | | | धरौटी खाता | ५१२०३९८ | |
| | **प्रकोप व्यवस्थापन कोष** | 0100 | | | आकास्मिक कोष खाता | १५८७२० | |
| ७. | **धरौटी आम्दानी** | २५५६८६५ | २५५६८६५ | | बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | |
| ८. | **विविध खर्च खाता** | ८३७८७८८३१.५० | ८३७८७८८३१.५० | | | | |
| | | **जम्मा** | **६५८२३५५२७.१४** | | **जम्मा** | | **६५८२३५५२७.१४** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु

गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत ५५ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.८ लाख ३२ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. ६१ लाख ७० हजार खर्च गरेको छ ।सो-मध्य प्रति वडा बार्षिक ७ लाखको दरले ४२ लाख वडाको लागि मात्र विविध खर्च लेखेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको छनोटको आधार तय गरेको छैन साथै पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन गरिएको अनुगमनको अभिलेख समेत राखेको छैन।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

• उपभोक्ता समितिमार्फत कार्य गर्दा २० लाख माथिको निर्माण कार्यमा बीमा गरेको देखिएन,

• पालिकाले लगबुक, इन्धन कुपन तथा वितरण को व्यवस्थित विवरण नराखेको,

• मैजुदा सूची अद्यावधिक नहूदा सूचिकृत फर्म यकिन गर्न कठिनाई रहेको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ५ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ।

५.१ **वित्तीय विवरणको यथार्थता-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १३,४५,७०,८६४.७१ सुत्रमा लेखा राखेको छैन। जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

५.२ **फरक हिसाव-** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. ९६७५५४३२.८१, यस वर्षको प्राप्ति रु. ५६१४८००९४.३३ यस वर्षको भुक्तानी रु. ६०३९७९२१७.६९ र बैङ्क मौज्दात रु. ५४२५६३०९.४५ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ती(आय) | यस वर्षको भुक्तानी (व्यय) | बैङ्क मौज्दात |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ९६७५५४३२.८१ | ४२८७०९२२९.६२ | ४६९४०८३५२.९८ | ५६०५६३०९.४५ |
| | | | | |
| एकीकृत आर्थिक विवरण अनुसार | ९६७५५४३२.८१ | ५६१४८००९४.३३ | ६०३९७९२१७.६९ | ५४२५६३०९.४५ |
| फरक | ० | १३२७७०८६४.७१ | १३४५७०८६४.७१ | १८००००० |

५.३ **फरक जिम्मेवारी-** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । गत वर्षको एकीकृत आय व्यय विवरणमा अन्तिम मौज्दात रु.९,६६,२६,८२५.६६ रहेकोमा यो वर्षको एकीकृत आय व्यय विवरणमा शुरु मौज्दात रु. ९६७५५४३२.८१ जिम्मेवारी सारेको देखिएकोले बढी जिम्मेवारी सारेको रु.१,२८,६०७.१५ को सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ।

५.४ **बैङ्क हिसाव विवरण-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राखु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ४५०८८०७१.७५ | ४५०८८०७१.७५ | ० |
| चालु खर्च खाता | ० | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | ५४७०६४३.५० | ३६७०६४३.५० | १८००००० |
| विपद व्यवस्थापन खाता | | | |
| स्थानीय विभाज्य कोष | | | |
| कर्मचारी कल्याण कोष खाता | | | |
| धरौटी मौज्दात | ५१२०३९८ | ५१२०३९२ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ८०१८८ | ८०१८८ |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| बैङ्क मौज्दात | | | |

५.५ **सञ्चित कोषमा स्थानान्तरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको आन्तरिक राजश्व खातामा

रु. ८०,१८८ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

५.६ **कर दायित्व-** पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ । पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला भएको देखाएको छ ।

६ **आन्तरिक लेखापरीक्षण-** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

८ **योजनाको प्राथमिकीरण-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल १६० योजनामा वजेट विनियोजन गरेको छ।

| क. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ५१ | १५ | ३३ | ३ |
| २. | वडा स्तरीय | १०९ | ५ | ५७ | ४७ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिको खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका

उल्लेखित योजना मध्ये ११६ योजनामात्र कार्यान्वयन भई ४४ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

९ **चौमासिक पूँजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले चौमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिश खर्च** | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | |
| पुँजीगत खर्चतर्फ | १९७७०४३३५ | ७१९२७३८ | २५४०५१६० | १६५१०६४३७ | ९४००७०८६ |
| प्रतिशत | ७२.६ | ३.५ | १२.८४ | ८३.६६ | ४७.५६ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक पूजिगत तर्फ रु. १९७७०४३३५ निकासा भएकोमा प्रथम चौमासिकमा रु. ७१९२७३८ , दोस्रो चौमासिकमा रु २५४०५१६० र तेस्रो चौमासिकमा रु१६५१०६४३७ खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ९४००७०८६ (४७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१० **जिन्सी निरीक्षण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन, जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

११ **शसर्त अनुदान फिर्ता-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन ( म.ले.प.फा.नं २७२ ) को अनुसूची २१ अनुसार फिर्ता गर्नुपर्ने रकम फिर्ता गरी हिसाव फरफारक गरेको देखिन्छ।

१२ **आर्थिक सहायता-** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी गाउँपालिका अध्यक्षको तोक आदेशको आधारमा विपद व्यवस्थापन तथा राहत उद्धार एवं पुनस्थापना शिर्षक रु.

१९५१३३२, सांस्कृतिक पर्व संरक्षण शिर्षकबाट रु.१२९६५०३ समेत रु.३२४७८३५ विभिन्न व्यक्तिहरु तथा संघसंस्थालाई आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१३ **हिसाब मिलान-** पालिकाले पेश गरेको एकिकृत आ वि मा विविध खर्च खाता अन्तर्गत चालु आ व को प्राप्ती ८३७८८३१.५० देखाएको छ भने सुत्रमा सो खातामा १०१७८८३१.५० प्रासि भएको विवरण देखिन्छ। फरक रकमको हिसाब मिलान गर्नुपर्दछ।

१४ **शोधभर्ना-** पालिकाले पेश गरेको एकिकृत आ वि अनुसार सडक बोर्ड बाट रु. ७९९७८८९ प्राप्ती भएको देखिन्छ भने सोही विवरण अनुसार सडक बोर्ड तर्फ खर्च रु.९७९७८८९ भएको देखिन्छ। प्राप्ती भन्दा खर्च बढि भएको रु. १८००००० सडक बोर्ड सँग शोधभर्ना माग गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,००,००० |

१५ **योजना तथा वजेट कार्यान्वयन-** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्च संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन। आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. १९ करोड ७७ लाख भएकोमा प्रथम त्रैमासिकमा रु५८,५६,९६५, दोश्रो त्रैमासिकमा रु.१,११,१४,९७१, तेस्रो त्रैमासिकमा रु.४,०३,४८,७१२, चौथो त्रैमासिकमा रु.१४,०३,८३,६८७ र असार महिनामा मात्रै रु.९,४०,०७,०८६ भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।

१६ **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २६९४१००० | १०९२०९६५ | ४०.५४ |
| २ | सामाजिक विकास | २३६४६३५४८ | १९०२२०६१०.७१ | ८०.४४ |
| ३ | पूर्वाधार विकास | २००७२७०७० | १४७७८०३०३ | ७३.६२ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २२८५८००० | १९९८८७५७.३९ | ८७.४५ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १०१६७७१७२.१९ | ८७६२४९८५.८८ | ८६.१८ |
| **जम्मा** | | **५८८६६६७९०.१९** | **४५६५३५६२१.९८** | **७७.५** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४०.१७ प्रतिशत र संस्थागत विकास सेवा प्रवाह र सुशासनमा बजेट मा सबै भन्दा घटीमा ३.८८ प्रतिशत विनियोजन हेको छ ।

१७ **आन्तरिक आय-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४०६३३६५३७.३ | ९६३६९९५.८० | २.३७ प्रतिशत |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.३७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१८ **राजश्व अभिलेख-** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखिन्छ।

१९ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु. ५००००० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. ५००००० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| नाम | पेश्की बाँकीको विवरण | रकम |
|---|---|---|
| प्रविण कुमार यादव | विपद व्यवस्थापन वडा नं ४ अन्तर्गत | ३००००० |
| राष्ट्रसेवक बहुमुखी सहकारी संस्था लिमिटेड | संमपुरक कोष | २००००० |
| जम्मा | | ५००००० |

| पेश्की | ५,००,००० |
|---|---|

२० **म्याद ननाघेको पेश्की -**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले सुत्र बाहिरको पेश्की बाँकीको विवरण पेश गरेको छैन। सुत्रको आधारमा पालिकाले यस वर्ष ३ कार्यक्रमलाई रु. ७००००० पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी पेश्की फस्यौंट गर्नुपर्दछ ।

| नाम | पेश्की बाँकीको विवरण | रकम |
|---|---|---|
| श्रीठाकुरजी माध्यमिक विद्यालय बकधुवा जण्डौल | खेलकुदकार्यक्रम ठाकुरजी मा वि | २,५०,००० |
| श्रीआधारभुत विद्यालय बनौली बडगोरिया | खेलकुदतथा खेल मैदान वडा नं ४ अन्तर्गत | २,५०,००० |
| श्रीठाकुरजी माध्यमिक विद्यालय बकधुवा जण्डौल | फर्निचरतथा फिक्चर्स | २,००,००० |
| जम्मा | | ७००००० |

२१ **धरौटी तर्फ-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको नियम ६४ मा कार्यालयले व्यक्तिगत धरौटी धरौटी खाता अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। त्यसै गरी नियम ६८(घ) मा कसले के बापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैङ्क खातामा रहेको रकम राजस्वमा आम्दानी बाध्ने भनेको छ। पालिकाले आ वि २०७७/७८ मा नाम नखुलेको धरौटी भनि रु. १३८१४८ र गत बर्षको अल्या भनि रु. ७३९२२९ समेत रु. ८७७३७७ व्यक्तिगत धरौटी खातामा अभिलेखिकृत गरेको देखिन्छ।पहिचान र प्रयोजन नखुलेको रकम यकिन गरी राजस्व खातामा आम्दानी बाध्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,७७,३७७ |

२२ **गा.पा. भरी अधुरो बिद्युतीकरण** -पालिकाले रु १६१२०९२।०० उपभोक्ता समितिलाई भुक्तानी भएको देखिन्छ । श्रेस्ता परीक्षण गर्दा पालिकाले तयार गरेको स्टिमेट अनुसार ९ मी. को PSC पोल १२० वटा जडान गर्ने र 0.03 LT वायर १२००० मी. तान्ने र 0.05 ACSR Conductor १२ की.मी. जडान गर्ने रहेको छ । कार्य सम्पन्न प्रतिवेदन र नापी किताव अनुसार 0.03 LT वायर ७००० मी. मात्र जडान भएको र ९ मी. को पोल १२० वटा जडान भएको देखिन्छ । स्टिमेट अनुसार प्रति १०० मी. मा पोल जडान गर्ने रहेकोमा ७००० मी. मात्र वायर तानेकोमा पोल जडान ७० वटा मात्र हुनुपर्नेमा ५० वटा बढी पोल जडान वापत रु. ४८४७५८।०० बढी भुक्तानी भएको देखिन्छ । पालिकाले ७००० मी. वायर तान्दा जडान भएको बास्तविक पोल संख्या यकिन गरी पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८४,७५८ |

२३ **माछा पकेट-** आ.व. २०७९।०८०मा नयाँ माछा पकेट बिकास कार्यक्रम अन्तर्गत पोखरी निर्माणका लागि रु १५ लाख बजेट बिनियोजन भएको देखिन्छ । सो कार्यका लागि पालिकाबाट १९९७३.३७ घन मी. माटो खन्ने (पोखरी खन्ने) कार्यको लागत अनुमान जम्मा रु. ३० लाख गरेकोमा सोको ५०% पालिकाबाट अनुदान दिने रहेको छ । उपरोक्त कार्यका लागि मिति २०७९।०९।११ मा पालिकाले सार्बजनिक सूचना जारी गरी नेपाली नागरिक, सहकारी संस्था, कृषक समुह समितिबाट प्रस्ताव आह्वान गरेको देखिन्छ । (संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम चालु) बाट युवा पशु तथा मत्स्य पालन कृषक समुहलाई रु. १४१४९९६।— भुक्तानी भएको मा पछि उपरोक्त कृषक समुहबाट रु ४३४९९७।०० फिर्ता गरेको देखियो । श्रेस्ता परीक्षण गर्दा देहाय अनुसारको व्यहोरा देखियो ।

२३.१ प्रधानमन्त्री कृषी आधुनिकिकरण परियोजना,परियोजना कार्यान्वयन म्यानुअलअनुसार माछा पालनको पोखरी निर्माणमा प्रति कठ्ठा १५०००।— को दरले अनुदान उपलब्ध गराउने उल्लेख छ । पालिकाले उपरोक्त कृषक समुहलाई ६२.४४ कठ्ठामा पोखरी निर्माण बापत रु. ९८००००।- भुक्तानी गरेको देखियो ।

नियमानुसार ६२.४४ को जम्मा रु.९३६६००।- भुक्तानी भएकोले बढी भुक्तानी सम्बन्धीतबाट असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,४०० |

२३.२ मिति २०७९।११।०५ मा गाउँपालिका अध्यक्षको अध्यक्षतामा बसेको बैठकले पेश भई आएको ३ वटा प्रस्ताव मध्ये ससरी एग्रो फर्म र सलहेस आप उत्पादक कृषक समुह छनौटमा नपरेको कारण नखुलाई सिधै युवा पशु तथा मत्स्य पालन कृषक समुहलाई छनौट गरेको देखियो । छनौट गरिएको कृषक समुह को छनौट हुनुको कारण र आधार खुलाइएको छैन । पालिकाले कृषक समूह छनौटका आधार र मापदण्ड तयार गरी पारदर्शी ढंगले छनौट गर्नु पर्दछ।

२३.३ .......... **(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२५ को निर्णयानुसार १८७,४४० को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको)**

२३.४ उपरोक्त शिर्षक समुह अन्तर्गत १५ जना सदस्यहरु रहेको व्यक्तिगत विवरणबाट देखिन्छ । उपरोक्त कृषक समुहको सदस्य श्यामसुन्दर चौधरीको खेती योग्य जग्गा १ बिघा १५ कठ्ठा रहेको देखिन्छ । कार्यसम्पन्न र नापी किताव अनुसार श्यामसुन्दर चौधरीको मात्र ४ वटा पोखरी निर्माण भए वापत रु ४३५०००।०० भुक्तानी भएको देखियो । १५ जना सदस्य रहेको कृषक समुहमा पालिकाबाट अनुदान बितरण गर्दा एक जना मात्रैको ४ वटा पोखरी निर्माणमा अनुदान बितरण भएको देखिनुले यस्ता अनुदान कार्यक्रम समन्यायिक तवरले सन्तुलित रुपमा बितरण भएको मान्न सकिएन । वितरणका आधार र मापदण्ड तयार गरी सन्तुलित रुपमा वितरण गर्नु पर्दछ।

२४ **वडा नं. ६ भरी समरसियल बोरिङ्ग-** गत बर्षको योजनाको भुक्तानी बाँकी उपभोक्ता समितिलाई ७ वटा समरसियल बोरिङ्ग जडान वापत रु ४८४६९३।०० भुक्तानी भएको देखिन्छ । उपरोक्त कार्यका लागि पालिकाले रु. ५७२२९७।६० को लागत अनुमान तयार गरेकोमा 1 HP Chinese summersible with all accessories को दररेट रु. १५२६८।८० राखेकोमा दररेट analysis परिक्षण गर्दा पम्पको दर रु.१०३४८।८० र सो पम्प जडान कार्यका लागि ४ जना दक्ष जनशक्ति, २ जना अर्धदक्ष जनशक्तिको रु. ४९००।०० राखी दररेट कायम गरेको देखिन्छ । यसरी १ पम्पको जडान कार्यमा ४ र २ जना गरी ६ जना जनशक्ति लाग्ने नम्स स्पष्ट नहुँदा यस्तो दररेट वास्तविक हो भनी यकिन गर्न सकिएन । पालिकाले नर्म्स पालना गर्दै लागत अनुमान तयार गर्ने तर्फ ध्यान दिनु पर्दछ। पालिकाले नर्म्स पालना गर्दै लागत अनुमान तयार गर्ने तर्फ ध्यान दिनु पर्दछ।

२५ **उपभोक्ता समितिवाट खरिद व्यवस्थापन-** पालिकाले यसवर्ष अधिकांश गत वर्षमा उपभोक्ता समितिले गरेका तथा यस वर्ष संचालित भएका निर्माण कार्यको उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी दिएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिमार्फत खरिद व्यवस्थापन सम्बन्धमा व्यवस्था रहेकोमा सो अन्तर्गत देखिएका सैद्धान्तिक व्यहोराहरु निम्नानुसार रहेका छन्

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति

वा लाभग्राहि समुदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर पालिकाले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक संझौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असरपर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राहि समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ ।

• उपभोक्ता समितिहरुबाट सम्पन्न भएका निर्माण कार्यहरूको पर्याप्त पुष्ट्याईं तथा विश्वसनीयताको लागि निर्माण कार्य पूर्व तथा निर्माण कार्यसम्पन्न भइसके पश्चातको तस्विरहरु भुक्तानी श्रेस्तासाथ राख्नुपर्नेमा अधिकाँश योजनामा सो अनुरुप प्रमाणकागजात राखेको देखिएन । यसरी निर्माण कार्यको स्पष्ट प्रमाण राख्ने गरेको नदेखिएकोले सो सम्बन्धमा ध्यान दिई प्रमाण कागजात र अभिलेखीकरण व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

• उपभोक्ता समितिहरुले पेश गरेको अधिकांश निर्माण कार्यहरुमा ग्राभेल, माटो, बालुवा गिटी लगायतका सामग्रीहरु खरिद गर्दा भरपाई मार्फत भुक्तानीको लागि पालिकामा पेश गर्ने गरेको देखियो। यसरी खरिद भरपाई संलग्न गर्दा परिमाण खुल्ने देखिंदैन। सम्भव भएसम्म निर्माण सामग्रीहरूको आधिकारिक बिल पेस गर्न लगाउने तर्फ पालिकाले ध्यान दिनुपर्छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दीर्घकालिन प्रकृतिका, उपभोक्ता समितवाट हुने प्रकृतिका लगायतको आयोजनाहरुको सूची तयार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले गत आवको योजनाको भुक्तानी गर्दा तथा यसबर्ष सँचालन भएका योजनाहरु उपभोक्ता समितिलाइ हस्तान्तण गरेको देखिएन । उपभोक्ता समितिसँगको छलफल , योजना सम्पन्न पश्चातको प्रतिकृया , आगामी दिनमा योजनाबाट सिक्नुपर्ने सिकाई लगायको व्यहोरा सहित अपनत्व कायम हुने गरि सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षणको कार्यबिधि तयार गरी सम्पन्न भएका आयोजनाहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ।

• **उपभोक्ता समितिको न्युन योगदान** -पालिकाले उपभोक्ता समितिको योगदान १० प्रतिशत मात्र राखी सम्झौता र भुक्तानी गर्ने गरेको देखियो ।कच्चा पदार्थको उपलब्धता तथा सामाग्री पहुंचको हिसावले समेत सहज रहेको यस पालिकामा न्यून लागत सहभागिता राखी कार्य गराएकोले पुनर्विचार गरी उपभोक्ता समितिको लागत सहभागिता अधिकतम वनाउनुपर्ने देखिन्छ ।

• **निर्माण कार्यको समय र गुणस्तर** — सार्वजनिक निकायले कुनै पनि निर्माण कार्य गर्दा सो पुरा गर्न लाग्ने अवधि, गुणस्तरियता लगायतको बिचार गरी निर्माण समयाबधी कायम गर्नुपर्दछ । नगरपालिकाले उपभोक्ता समितिहरुसंग सम्झौता गरी निर्माण कार्य गर्दा सिमेन्ट कंकृटिङ, भवन निर्माण लगायतमा न्युन अवधिभित्र सम्पन्न गर्नेगरी सम्झौता गरेको तथा सोही अबधिभित्र उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेको देखियो । निर्माण गराएको नापी किताब सम्लग्न गरेकोमा भुक्तानी भएका योजनाहरुको प्राविधिक परीक्षण न्युन रुपमा मात्र रहेको देखियो । cement concreting लगायतका कार्यहरूको गुणस्तर कायम हुनेगरी ल्याव टेस्ट समेत व्यवस्थित अनुगमन प्रतिवेदन समेत संलग्न गरेर मात्र निर्माण कार्य गराउनु पर्ने देखिन्छ । संचालित हुने सम्पूर्ण योजनाहरूको गुणस्तर परीक्षण गराई तोकिएको नर्मस तथा specification अनुसार छ/छैन यकिन गरेर मात्र भुक्तानी दिनुपर्ने देखिन्छ ।

• **ग्राभेल कार्यको गूणस्तर परीक्षण-** पालिकाले यसवर्ष अधिकांश योजना ग्राभेल बिछ्याउने कार्यमा गरेको देखियो । कम्प्याक्सन सहितको दर विश्लेषण गर्दा प्रतिघनमिटर ग्राभेल तयारी कार्यको लागि लुज ग्राभेल, ग्रेडर रोलर र पानी ट्यांकर समेतको दर विश्लेषण गरी समावेश गरी दररेट निर्धारण गरी भुक्तानी गरेकोमा उपभोक्ता समितिबाट भएका निर्माण कार्यको compaction test गरेको देखिएन ।पूर्वनिर्धारित स्पेशिफिकेशन तथा लागत अनुमान अनुसार निर्माण कार्य भए नभएको सम्बन्धमा स्पष्ट पार्ने प्राविधिक परीक्षण हुनुपर्ने देखिन्छ।

• **खर्च अनुमोदन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकावाट संचालित आयोजनाहरु उपभोक्ता समिति मार्फत संचालन योजनाको विल भुक्तानीको लागि प्राविधिक मूल्यांकन पेश गर्ने गरेको भएतापनि अन्य विल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु तथा समितिवाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी बनाउनेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

• **डोर हाजिर-** पालिकाले तोकीएको फारम प्रयोग गर्दा फारममा उल्लेखित विवरणहरु पूर्णरुपमा भर्नुपर्दछ । पालिकासँग भएको सम्भौता अनुसारको बिल भरपाई पेश गर्दा उपभोक्ता समितिले डोर हाजिरमा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । महालेखापरीक्षकवाट स्वीकृत डोरहाजिरी फारम भरी प्राविधिक नर्म्स अनुसार सामाग्री विवरण र श्रम गणना गरी लागत अनुमानका साथ सामाग्री विवरण समेत उपलव्धता गराई निर्माण कार्यमा सुधार हुनुपर्दछ ।

• **नापी किताब प्रबिष्टी एवं अभिलेख-** निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न. ५०३ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । पालिकाले तयार गरेको नापी कितावमा उक्त व्यहोरा उल्लेख नगरी कामको परिमाण र रकम मात्र उल्लेख गर्ने गरेको छ ।पालिकाले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज

सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी, सम्झौता मिति,सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत अधिकाँश योजनामा नखुलाई, ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा पछिल्लो थप निर्माण कार्य गराउंदा आवश्यक सूचना लिन र अभिलेख व्यवस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ बिलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भावना रहने देखिन्छ । क्रमागत तथा बहुबर्षीय योजना कार्यक्रमको लागि गत बिगतसम्म के कती भुक्तानी भए सो को अध्ययन तथा जानकारीको लागि नापी किताब अत्यावश्क रहने हुनाले सम्बन्धित नापी किताब श्रेस्तासाथ मात्र नराखी अभिलेख व्यवस्थापनमा समेत सहयोगी हुनेगरी सम्झौता मिति, सम्पन्न मिति, नापजाँच गरेको मिति, सम्पादीत नापजाँचको चेनेज लगायत अनिवार्य खुलाई व्यवस्थित रुपमा राख्नुपर्दछ।

• उपभोक्ता समितिहरुले बिल भरपाईहरु पेश गर्दा सेतो कागजी भरपाईमा रकम बुझाएको दस्तखत सहितको प्रमाण राख्ने गरेको, बिल भरपाईहरु जोड जम्मा गर्ने नगरेको, सामग्रीहरु कुन ठाउँबाट ढुवानी गरेको हो खुल्ने स्थिति नरहेको र फरफारक श्रेष्ता साथ संलग्न विवरण अनुसारको कुनैपनि फारमहरू भर्ने नगरेको देखियो। यस्तो प्रकारको श्रेस्ताहरु संलग्न गरी भुक्तानी गर्दा आन्तरिक नियन्त्रण प्रभावकारी नहुने, वास्तविक कार्य नभई भुक्तानी हुन सक्ने लगायतका समस्या देखिन सक्ने भएकोले खरिद नियम कानूनको परिपालना अनुसार खरिद व्यवस्थापन गर्नुपर्दछ।

• पालिकाले यसवर्ष उपभोक्ता समितिलाई गत विगत वर्षका केही योजनाहरूको रनिङ तथा यसवर्षका केहि योजनाहरुको रनिङ बिलअनुसार भुक्तानी दिएकोमा योजनागत खाता राखेको देखिँदैन। यसरी योजनागत खाता नराखी थप अर्को विल भुक्तानी गर्दा भुक्तानी दोहोरो हुनसक्ने, भुक्तानी परिमाणहरू दोहोरिनसक्ने, वढी भुक्तानी हुनसक्ने लगायतका समस्याहरु देखिन सक्ने भएकोले स्पष्ट प्रमाण कागजात, योजनागत खाता तथा खर्चको आधार संलग्न गरेर मात्र भुक्तानी गर्नुपर्ने देखिन्छ।

• सार्वजनिक खरिद नियमावली ९७ अनुसार उपभोक्कता समितलाइ वहुवर्षिय योजना सम्झौता गर्न नहुने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिलाइ पेश्की समेत उपलव्ध गराइ कार्य गराएको देखिएकोमा योजनागत पेश्की लगत तथा कार्य प्रगति राखेको देखिएन। पेश्कि लगत नराखी तथा आन्तरिक नियन्त्रण प्रणाली मजवुत नवनाइ भुक्तानी गर्दा पेश्की दुरुपयोग हुनसक्ने, फछ्यौट नहुन सक्ने तथा समयमा कार्य पुरा नहुन सक्ने देखिन्छ । यसरी व्यवस्थित अभिलेख नराखी तथा कार्य प्रगति समेत नराखी पेश्की दिएको पेश्की जोखिममा परेको देखिएकोले पालिकाले कार्यप्रगति हेरर मात्र पेश्की दिनुपर्ने तथा आर्थिक वर्षको अन्तसम्म कार्यसम्पन्न नहुने उपभोक्ता समितिलाइ पेश्की दिने कार्यलाइ निरुत्साहित गर्नुपर्ने देखिन्छ ।

• सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक

प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

• लागत अनुमान अनुसारको विल भरपाइ यकिनको स्थिति - उपभोक्ता समितिहरुले योजना सम्पन्न पश्चात पेश गरेको विल भरपाई लागत अनुमान तथा नम्स अनुसार लाग्नेभन्दा घटीबढी वा वास्तविक छ/छैन सो सम्वन्धमा यकिन गर्ने गरेको देखिएन । केही सामग्रीको (इटा,छड, सिमेन्ट लगायतको ) अस्वभाविक रुपमा बढी बिल भरपाई समेत पेश हुने गरेको देखियो । अधिकाँश योजनाहरुको श्रेस्तासाथ संलग्न विल भरपाइको परीक्षण गर्दा गिटी तथा वालुवाको कागजी भरपाइ संलग्न गरी पेश गरेकोमा कति परिमाण उपभोक्ता समितिवाट खरिद भयो खुल्न सक्ने स्थिति देखिएन । उपभोक्तावाट पेश भएका बिल भरपाई हरूको पालिकाबाट नम्स अनुसार को गणना तथा परीक्षण भएको देखिएन ।लागत अनुमान अनुसार वास्तविक बिल भरपाई यकिन समेत नगरी भुक्तानी गर्नाले उपभोक्ताबाट गुणस्तरीय कार्य भएको छ भने विश्वस्त हुने आधार देखिएन। पटकपटक रनिङ विल दिइ विलहरुमा आशिक विल भरपाइ राख्ने गरेकोले bill of quantity अनुसार श्रम सामाग्री तथा मेसिनरि औजारको विल भरपाइहरु मेल खाने स्थिति रहे नरहेको यकिन गर्ने स्थिति नरहेकोले प्रयोग भएका सामग्री तथा कार्यहरुमा लाग्ने वास्तविक बिल भरपाई संलग्न गराई वास्तविक खर्च यकिन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

• सार्वजनिक खरिद नियमावली २०६४ को १२ औ संसोधन अनुसार उपभोक्ता समितिबाट हुने खरिद व्यवस्थापनमा २० लाख भन्दा माथिको खरिदमा विमा गर्नुपर्ने र कार्यालयले सहजिकरण गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिमार्फत भएको योजनाहरुको विमा गरेको देखिएन । नियमावलीको परिपालनामा ध्यान दिनुपर्दछ।

२६ **समरसियल बोरिङ्ग जडान-** उपभोक्ता समितिलाई १२ वटा समरसियल बोरिङ्ग जडान वापत रु ९७००००।०० भुक्तानी भएको देखिन्छ । उपरोक्त कार्यका लागि पालिकाले रु. १०९०९६६।९७ को लागत अनुमान तयार गरेकोमा 1 HP Chinese sumersible with all accessories को दररेट रु. १६०८६।२४ राखेकोमा दररेट analysis परिक्षण गर्न पम्पको दर रु.१०८६६।२४ र सो पम्प जडान कार्यका लागि ४ जना दक्ष जनशक्ति, २ जना अर्धदक्ष जनशक्तिको रु. ५२००।०० राखी दररेट कायम गरेको देखिन्छ । यसरी १ पम्पको जडान कार्यमा ४ र २ जना गरी ६ जना जनशक्ति लाग्ने नम्स स्पष्ट नहुँदा यस्तो दररेट वास्तविक हो भनी यकिन गर्न सकिएन ।

२७ **आर्थिक सहायता कोष-** मिति २०७९।०९।२७ २८ र २९ गते बसेको ११औं गाउँसभाबाट ३३ वटा कार्यक्रम संशोधन गरी विभिन्न १३ वटा नयाँ कार्यक्रम स्वीकृत गरेको देखिन्छ । संशोधित कार्यक्रम अनुसार आर्थिक सहायता कोषमा १५ लाख बिनियोजन भएको देखियो । उपरोक्त कोषको परिचालन कार्यपालिकाको निर्णय बमोजिम खर्च गर्न सकिने भनी उल्लेख गरीएको छ । पालिकाबाट बिभिन्न निर्माण एवम् पुँजीगत प्रकृतिको कार्यक्रम संशोधन गरी आर्थिक सहायता बितरण गर्ने प्रकृतिको कोषमा रकम बिनियोजन गरेकोमा यस्तो संशोधित कार्यक्रम अनुदान बितरणमुखी रहेको देखिन्छ । साथै सभाबाट

उपरोक्त कोष संचालन तथा व्यवस्थापन निर्देशिका समेत बनाएको पाईएन । कोष संचालन कार्यविधि बनाई यस्ता कोषको रकम प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

## २८ सोलार बत्ती खरिद

२८.१ सार्वजनिक खरिद ऐन २०६३ को दफा ५(क) र नियमावलीको नियम ११ मा मालसामनको स्फेशिफिकेशनको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। नियम ८६(२) मा बजार अध्ययन पूर्व खरिद मूल्य लगायतका आधारमा दर विश्लेषण गरी उचित दर यकिन गर्नुपर्दछ। पालिकाले देव इलेक्ट्रोनिक्स संग सोलार वत्ति लगायतका सामान खरिद गर्दा नियमको पालना नगरी सोझै खरिद गरेको देखिन्छ। त्यसरी गरिएको सामानको खरिद मूल्य अनलाइनमा देखिने मूल्य भन्दा बढी देखियो जसले गर्दा पालिकालाई थप व्ययभार पर्न गएको देखिन्छ। पालिकाले यस्ता प्रवृति नियन्त्रण गर्दै वास्तविक लागतका आधारमा खरिद कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ। यस्ता प्रवृति नियन्त्रण गरिनुपर्छ। यसका केही उदाहरण निम्न छन।

| क स | सामानको नाम | परिमाण | खरिद मूल्य | बजार मूल्य अनलाइन MRP | बढि व्ययभार |
|---|---|---|---|---|---|
| १ | Solar PV 50 watt | ३५ थान | ७६०० | २८०० | १६८०००।- |
| | Lead Acid Battery 35A | ३५ थान | ८४०० | ६५०० | ६६५००।- |
| २ | Charge controllar | ३५ थान | १६०० | ७०० | ३१५००।- |
| | | जम्मा | | | २६६०००।- |

२८.२ पालिकाले सोलार बत्ती सेट ३५ थान खरिद वापत देव इलेक्ट्रोनिक्स लाई रु ७,९८,८६० भुक्तानी गरेकोमा उपरोक्त सोलार बत्ती जडान एवं परीक्षण भएको कागजात एवं प्रमाण संलग्न नगरेकोले सो खरिद कार्यको भौतिक प्रगति यकिन गर्न सकिएन् । खरिद गरिएका उक्त सोलारहरुको जडान सहितको प्रमाण कागजात पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,९८,८६० |

## २९ ट्युवेल जडान

२९.१ वडा नं. ६ अन्तर्गत का २९ जना लाभग्राहीको ट्युववेल जडान वापत सोनाश्री कन्ट्रक्सन राजबिराजलाई रु. ४९९,५४२।०० भुक्तानी भएको छ । उपरोक्त कार्यका लागि पालिकाले सोनाक्षी ट्रेडर्सले २२ KG को चापाकल (ट्युववेल) को दररेट ४६१५।— प्रति कल पेश गरेकोमा न्युनतम कबोल गर्ने उपरोक्त फर्मको कबोल अंक स्वीकृत गरी सम्झौता गरेको देखियो ।

२९.२ मिति २०८०।०२।२९ मा पालिका र सोनाक्षी ट्रेडर्स बीच भएको सम्झौतामा २०८०।०३।१५ मा कार्य सम्पन्न गर्ने उल्लेख छ । उपरोक्त सम्झौतामा कतिवटा चापाकल कहाँ कहाँ जडान गर्ने भनी उल्लेख भएको देखिएन । पालिकाले चापाकल जडान बितरण सम्बन्धी कार्यबिधि तयार गरेको र

लाभग्राहीको छनौट गरेको नामनामेसी सहित निर्णय गरेको नदेखिंदा उपरोक्त जडान बितरणमा लक्षित बर्गले सुविधा प्राप्त गरेकोमा यकिन गर्न सकिएन । चापकल सम्बन्धीत स्थानमा जडान गरी उपयोगमा ल्याएको प्राविधिक पुष्ट्याई सहितको प्रमाण पेश गर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९९,५४२ |

२९.३ उपरोक्त कार्यको स्टिमेट अनुसार 22 kg को ट्युववेल हेड सेट २९ वटा रु ४६१५।६८ को दरले रु. १३३८५२।६९ रहेकोमा नापी कीताव अनुसार निर्माण व्यवसायीले 18 kg को ट्युववेलाई ३० वटा रु. ४६१५।०० ले हुने रु. १३८४५०।०० भुक्तानी भएको देखियो । जिल्ला दर रेट अनुसार 18 kg को ट्युववेलको दर रु. ४०२०।०० (१५% Overhead) सहित रहेकोमा पालिकाबाट BOQ कै दररेटमा भुक्तानी हुँदा रु. १७८४९।०० बढी भुक्तानी भएको देखियो । कार्यसम्पन्न प्रतिवेदनमा सो ट्युववेल 22 kg को ३० वटा जडान भएको उल्लेख छ । यसरी नापी किताव र कार्यसम्पन्न प्रतिवेदनमा ट्युववेलको तौल फरक परेको सम्बन्धमा पालिकाका प्राबिधिक कर्मचारीबाट नापी कितावमा प्रबिष्टी गर्दा फरक परेको भनी जवाफ आएको छ । तसर्थ पालिकाले यस सम्बन्धमा आवश्यक अनुगमन परिक्षण र नापजोख गरी वास्तविक नापी यकिन गर्नु पर्दछ ।

३० **ह्युम पाइप खरिद तथा जडान-** काश्यप कन्सट्रक्सनलाई रु. ४८६८२१।०० भुक्तानी भएको देखिन्छ । उपरोक्त कार्यको लागि पालिकाले २२ वटा ह्युम पाईप खरिद तथा जडान कार्यका लागि रु ४८७०६८।९६ को लागत अनुमान तयार गरेको मा उपरोक्त लागत अनुमानमा २२ वटा होम पाईप जडान हुने स्थान chainage खुलाइएको छैन । खरिद गरिएका सामाग्रीको प्रयोजनको पुष्ट्याई नहुदा सो सामग्री सदुपयोग भयो भनि आश्वस्त हुन सकिदैन। पालिकाले च्यानेज खुलाई जडानको प्रविधिक पुष्ट्याई सहितको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८६,८२१ |

३१ **सार्बजनिक निर्माण कोष-** मितिः २०७९।०९।२७ २८ र २९ गते बसेको ११औं गाउँसभाबाट ३३ वटा कार्यक्रम संशोधन गरी विभिन्न १३ वटा नयाँ कार्यक्रम स्वीकृत गरेको देखिन्छ । संशोधित कार्यक्रम अनुसार सार्बजनिक निर्माण कोषमा १५ लाख बिनियोजन भएको देखियो । पालिकाले बिभिन्न पूँजीगत र निर्माण प्रकृतिको कार्यक्रम संशोधन गरी उपरोक्त कोषमा अवन्डा रकम बिनियोजन गरिएकोमा सभाबाट सोकोष संचालन तथा व्यवस्थापन कार्यबिधि समेत पारित गरेको देखिएन । कार्यविधि वेगर अवन्दाको रुपमा रकम विनियोजन गरिदा सो रकम उत्पादनमूलक र प्रतिफलयुक्त दिने गरी खर्च नभई वितरणमूखी र अनुत्पादक क्षेत्रमा खर्च हुने जोखिम रहन्छ।

३२ **सुरक्षित नागरिक आवास कार्यक्रम**

३२.१ पालिकाले सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत वडा नं २,३,४ र ५ का ५० जना लाभग्राहीको खातामा ४५००० को दरले जम्मा रु २३,५०,००० निकासा गरेको छ । पालिकाले प्रविधिकबाट मूल्याङ्कन एवं कार्य सम्पन्न प्रतिवेदन तयार गरी भौतिक प्रगति देखिने प्रमाण पेश सहितको अभिलेख राख्नुपर्नेमा सो अनुसारको प्रमाण लेखापरीक्षण को क्रममा प्राप्त नभएकाले उपरोक्त निकासा रकम को

बास्तविक भौतिक प्रगति यकिन गर्न सकिएन । तसर्थ उक्त निमार्ण सम्बन्धित कागजात तथा कार्यसम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,५०,००० |

३२.२ उपरोक्त स्रेस्ता परीक्षण गर्दा पालिकाले माछापुच्छे बैंकलाई ५० जना लाभग्राहीका लागि जम्मा रु २२,५०,००० को बैंक विवरण पठाएकोमा गो भौ नं ३१/२०८०-३-२४ वाट सो बैङ्कलाई २२,९४,४०० निकासा भएको देखियो । बास्तविक रकम भन्दा बढी निकासा भएको रकम सम्बन्धित बैंकवाट असुल गरी संघिय संञ्चितकोषमा दाखिला हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४४,४०० |

३३ **मू.अ.कर समायोजन पेश गर्ने-** मूल्य अभिवृद्धि कर नियामवाली २०५३ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता व्यक्ती, फर्मले बिजक जारी गर्दा सिलसिलाबार नम्बर र मिति उल्लेख गर्नुपर्ने व्यवस्था छ। साथै मु अ कर मा दर्ता आपूर्तकलाई भुक्तानी गर्दा ३० प्रतिशत मूल्य अभिवृद्धि कर कट्टि गरी भुक्तानी गर्नुपर्ने र बाँकि ७० प्रतिशत मु अ कर आपूर्तकले सम्बन्धित कर कार्यालयमा दाखिला गर्नुपर्ने उल्लेख छ। निम्न आपूर्तक सँग पालिकाले सेवा खरिद गर्दा मू अ कर रकमको ३० प्रतिशत कट्टा नगरी सबै रकम भुक्तानी गरेकाले सो बिजकको मूअकर समायोजन प्रमाण पेश गर्नुपर्ने रु

| भौ च नं मिति | आपूर्तक | बिल रकम | मू अ कर |
|---|---|---|---|
| २०९-३/२४ | पुजा निर्माण सेवा | ४०५००० | ५२६५० |
| ३७-३/३१ | पुजा निर्माण सेवा | ३५०००० | ४५५०० |
| ३७६-३/१८ | सामुदायिक विकास तथा मानव अधिकार संरक्षण केन्द्र | ४९८८९५ | ६४८५६ |
| जम्मा | | | १६३००६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६३,००६ |

३४ **जरिवाना-** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ र नियमावली,२०६४ को नियम १२७ मा निर्माण व्यवसायीले काम बीचैमा छोडेमा सार्वजनिक निकायले खरिद सम्झौता अन्त्य गर्न सक्ने व्यवस्था गरेको छ । त्यसरी सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पुरै जमानत जफत हुने र सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न आवश्यक पर्ने रकम सम्बन्धित निर्माण व्यवसायी बाटै सरकारी बाँकी सरह असुल गर्नु पर्ने प्रावधान रहेको छ । पालिकाले देहायका कामको ठेक्कामा सम्बन्धित निर्माण व्यवसायी संग ठेक्का अन्त्य नगरी नया प्रक्रिया मार्फत कार्य सम्पन्न गरेको देखिन्छ । सम्झौता बमोजिम कार्य सम्पादन नगर्ने सम्बन्धित निर्माण व्यवसायीहरुको कार्य सम्पादन जमानत, जफत गर्ने तथा थप कामका लागि लागेको रकम सम्बन्धित निर्माण व्यवसायी बाट असुल गर्नुपर्ने् रु

| कामको विवरण | निर्माण व्यवसायी | बाँकी काम गरेको बिधि | लागेको रकम | कार्य सम्पादन जमानत | जम्मा |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| स्वास्थ्य चौकी भवन निर्माण प्रस्वनी | सरस्वती निर्माण सेवा | उपभोक्ता समिति | रु ४६२७६०२ | ३९४००० | ५०२१६०२ |
| भोलानाथ मार्गमा कालो पत्र | सत्य सिता कन्स्ट्रक्शन | नयाँ ठेक्का | रु.४९४२७३४.१३ | २२८८७० | ५१७१६०४ |
| जम्मा | | | ९५७०३३६.१३ | ६२२८७० | १०१९३२०६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०१,९३,२०६ |

३५ **दर बढी भुक्तानी-** पालिका पुँजीगत बाट महुली बजार स्तरोन्नति वडा ६ उपभोक्ता समिति लाई भुक्तानी गर्दा GI sheet को दर जिल्ला दर अनुसार रु.१०२१.३१ हुनुपर्नेमा रु.१८२३.४१ को दरले भुक्तानी भएकोले परिमाण ९९.६० को बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७९,८९० |

३६ **परामर्स तथा डीपीआरखर्च-** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयलेयोबर्षस्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्श दाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

| **कार्य विवरण** | **परामर्शदाता** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|
| DPR of ward office (१ एंड ४) | **Golden** Engineering consultancy Pvt.Ltd. | १४९१८२६ | एक भवन बनिरहेको, एक कार्यान्वयनमा नरहेको |
| DPR of road section (३ road) | **SBS Associates** | ९९९१०६.४५ | **सडक मा भवनको नर्म्स**<br>**२ सडक कार्यान्वयनमा १ नरहेको** |
| बर्थिंग सेन्टर भवन | Kajal Engineering Pvt.Ltd. | ४९६०७० | |
| जम्मा | | २९८७००२.४५ | |

विभागीय नर्म्सको आधारमा ल ई तयार गरी खरिद प्रकृया अगाडी बढाउनु पर्नेमा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकमको आधारमा सम्झौता गरि खर्च गरिएकोले लागत बास्तविक भएको आस्वस्त हुन सकिएन। खर्च गरेको उपयुक्त देखिएन। डीपीआर तयार गर्दा पालिकाको जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

३७ **जियो व्याग खरिद-** पालिकाले जियो ब्याग ४०० GSM र नाइलन जाली खरिद बापत अली ट्रेडर्स लाई रु ९९८९२० भक्तानी गरेकोमा कार्यालयले सो का लागि जिल्ला दर रेट बमोजिम लागत अनुमान स्वीकृत नगरी सोझै कोटेशन मागका आधारमा खरिद गरेको छ। यसरी खरिद गरिएको सामानको दररेट

जिल्ला दर रेट भन्दा बढी रहेको देखिन्छ। जिल्ला दर रेटमा उल्लेख नाइलन जाली भन्दा पालिकाले किनेको जाली फरक रहेको पालिकाको भनाई रहेको छ। बढी दररेट पुष्ट्याईका लागि जिल्ला दर रेट र विभागीय नर्म्स बमोजिम दर रेट विश्लेषण सहितको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| सी.न. | आइटम | परिमाण | जिल्ला दर रेट | भुक्तानी दर रेट | फरक रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | जियो ब्याग ४०० gsm | १६०० | ३५० | ३६५ | १५ | २४००० |
| २ | नाइलन जाली | १०० | २५८.७२ | ३००० | २७४१.२८ | २७४१२८ |
| जम्मा | | | | | | २९८१२८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९८,१२८ |

३८ **स्वास्थ्य सम्बन्धी बिबिध समान खरिद**

*✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२५ मा अग्निसाईर कृष्णसावरन को ६२२,००० सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको)*

३९ **अग्रीम कर कट्टा-** आय कर ऐन २०५८ को दफा ८९ बमोजिम भुक्तानीको स्रोतमा १.५ प्रतिशत अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न निर्माण सेवालाई भुक्तानी गर्दा नियमानुसार अग्रिम कर कट्टा नगरिएको भुक्तानी गरेकोले सो कट्टा नगरिएको रकम असुल गरी दाखिला गर्नु पर्ने रु.

| गो भौ | निर्माण व्यवसायी | रकम |
|---|---|---|
| २०९-३/२४ | पूजा निर्माण सेवा | ५३७६ |
| ३७-३/३१ | पूजा निर्माण सेवा | ४६४६ |
| जम्मा | | १००२२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,०२२ |

४० **संघिय सशर्त पुँजिगत तर्फ**

४०.१ **विद्यालय भौतिक पूर्वाधार निर्माण-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन

निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु १९४०००००।- लाख निकासा भएको छ ।

| क सं | विद्यालयको नाम | निकासा प्रयोजन | निकासा रु. |
|---|---|---|---|
| १ | हिरावती आधारभुत विधालय | ४ कोठे भवन निर्माण | ४५ लाख |
| २ | हिरावती आधारभुत विधालय | ४ कोठे भवन निर्माण | १३ लाख ५० हजार |
| ३ | सामुदायिक आधारभुत विधालय मोहनपुर | २ कोठे भवन निर्माण | २२ लाख ५० हजार |
| ४ | ठाकुरजी मा.वी. | ICT Lab स्थापना | ६ लाख ५० हजार |
| ५ | सु.द.क.ज.मा.वी | ICT Lab स्थापना | ६ लाख ५० हजार |
| ६ | महिकर मा.वी. | नमुना विधालय भवन निर्माण | १ करोड |
| | **जम्मा** | | १९४०००००।- |

४०.२ उपरोक्त क्रम सँख्या १,२ र ३ को भवन निर्माण कार्यका लागी केन्द्रबाट डिजाईन र ड्रईङ प्राप्त भएपनी लागत अनुमान पालिका बाट नै तयार गरी कार्य गरेको देखिन्छ । पालिकाले क्रमशः रु.५०,५२,०५३।२५ र रु.२५,०८,५७३।४४ को लागत अनुमान तयार गरे पनी सो लागत अनुमानले भवनको सम्पुर्ण निर्माण कार्यको लागत अनुमान तयार गरेको देखिएन। स्थलगत अनुगमन गर्दा यस्तो भवन निर्धारित स्टिमेट र लागत अनुमानबमोजिम अधुरो नै निर्माण भएको देखियो । यस्तो अवस्थामा केन्द्रबाट निकासा प्राप्त बिनियोजनले नपुग भई आगामी वर्ष थप अधुरो विधालय भवन निर्माणमा विनियोजन गर्नु पर्ने र सो निर्माण कार्यमा दोहोरो कार्यको भुक्तानी हुने जोखिम रहने देखिन्छ । तसर्थ केन्द्रबाट विनियोजित रकमबाट हुने निर्माण कार्यको लागत अनुमान स्टिमेट समेत उपलब्ध गराई पुर्णरुपले भवनको निर्माण हुने प्रवन्ध हुन जरुरी देखिन्छ ।

४०.३ **ICT ल्याव -** उपरोक्त क्रम संख्या ४ र ५ को ICT ल्याव स्थापनाका लागी विनियोजित ६५०००० प्रति विद्यालय गो भौ नं ६/२०७९।१२।२१ बाट रु १३०००००० सम्बन्धित विद्यालयको खातामा निकासा गरेको देखियो । यस्तो निकासा गर्दा पालिकाले विद्यालय व्यबस्थापन समिति र विद्यालय सँग संयुक्त सम्झौता गरी सम्झौता बमोजिम भौतिक प्रगति को आधारमा भुक्तानी हुनुपर्नेमा भौतिक प्रगति बेगर नै उपरोक्त विनियोजित रकम विद्यालयको खातामा निकासा भएको देखियो । लेखापरीक्षणको क्रममा सो कोर्यको भौतिक प्रगति माग हुदाँ ICT ल्यावको लागी सामाग्री एवं softwore खरीद गरेको बिल पेश हुन आएको तर कानून बमोजिमको खरिदप्रक्रिया पालना गरेको दखिएन । साथै उपकरण एवं softwore को जडान एवं प्रविधिक परीक्षण समेत पेश नहुदाँ उपरोक्त ICT ल्याव स्थापना भई सञ्चालनमा रहेको एकिन गर्न सकिएन । पालिकाले स्पेशिफिकेशन बमोजिम सामान आएको र उद्धेश्य अनुरुप ल्याब संचालन भएको सुनिश्चित गर्नुपर्दछ।

४०.४ क्रम संख्या ६ को नमुना विद्यालय भवन निमार्ण कार्यकालागी विनियोजित रु १ करोड पालिकाले भौतिक प्रगति बेगर विद्यालयको खातामा निकासा गरेको देखियो । पालिकाले विद्यालयमा हुने भौतिक निमार्णका कार्यहरु आफ्नो प्रविधिक मार्फत् सुपरिवेक्षण गर्ने गराउने र कार्यसम्पन्न प्रतिवेदन जारी गरी भौतिक

प्रगतिको आधारमा भुक्तानी दिनुपर्नेमा १०/८०-०१-१४ मा विद्यालय व्यवस्थापन समिति र विद्यालय सँग निमार्णकार्य गर्ने सम्झौता मात्र गरी सिधै विद्यालयको खातामा रकम निकासा गरेको देखियो । साथै उपरोक्त रकम विद्यालयको खातामा रोक्का समेत गरेको देखिएन् । तसर्थ निमार्ण संग सम्बन्धित कागजात तथा कार्यसम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००,००० |

४०.५ **अनुदानको अनुगमन —** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले गो.भौ.नं.२६/२०८०-३-१९ बाट पाथीभरा कृषी सहकारी सँस्थालाई Shallow Tube well जडान कार्यक्रमवापत रु.९०८,५९४।- अनुदान खर्च लेखेको छ । पालिकाले उपरोक्त सँस्थाबाट जडान भएको Tube well को जडान तथा परिक्षण प्रतिवेदन समेत पेश गरेको देखिएन । साथै पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

४१ **सडक बोर्ड-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सीमा नाघी खर्च गर्न नहुने उल्लेख छ । पालिकाले यस वर्ष देहायअनुसारको योजनामा सम्झौता र कार्यसम्पन्न प्रतिवेदनअनुसार भुक्तानी गरेकोमा सम्झौताअनुसार सडक वोर्डबाट व्यहोर्ने रकम भन्दा बढी खर्च लेखेको देखिन्छ । तसर्थ यसरी बढी लेखेको खर्च जम्मा रु.१०,२६,७५७।२२ सड्क बोर्डलाई फिर्ता हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,२६,७५७.२२ |

**(विस्तृत विवरण बेरूजु दफा ४१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४२ **झुलुङ्गे पुल निर्माण-** वडा नं ६ अन्र्तगत गौरी खोलामा झोलुङगे पुल निर्माणको लागी पालिका उपभोक्ता समिति र गै स स (Creative group of nepal Rauthat) बाट सम्झौता भई यस वर्ष दोस्रो र तेस्रो रनिङ बिल को जम्मा रु३१८९१८५गोश्वराभौचर क्रमश २ र १६ बाट उपभोक्ता समितीलाई भुक्तानी भएको देखियो ।स्रेस्ता परीक्षण गर्दा देहाय को व्यहोरा देखिएको छ ।

४२.१ आ.व २०७८/०७९ मा भएको सम्झौता बमोजिम गैसस बाट रु ९४४५.०९ को लागत अनुमान सहितको DPR तयार गरेको देखिन्छ ।गैसस बाट पेश भएको उपरोक्त DPR दुई पटक सम्म Reavised गरी कुल लागत अनुमान रु५७९९४४५.०९ बाट बढाई क्रमश रु ६६१२५६९.५१, र रु ७३७१७३८.८५ कायम भएको देखियो । यसरी पहिलो DPR अनुसार अन्तिमपटक Reavise भएको DPR को लागत अनुमान २१.३३% ले वृद्धि भएको देखिन्छ । पालिकाले spam को निर्माण कार्य मा Flard Soil भेटिएको हुदाँ DPR (Revise) गर्नको लागी गै.स.स लाई अनुरोध गरेको देखियो। गै स स बाट सुरुवाती चरणमा तयार गरिएको DPR निमार्ण स्थलको स्थलगत निरीक्षण र soil test बेगर नै DPR

तयार गरेको ले निमार्ण कार्यको चरणमा Hard soil भेटिदाँ निमार्ण प्रभावित भई लागत अनुमान पुनरावलोकन भएको देखिन्छ । यसरी परामर्श दाताबाट सम्झौता अनुरुप स्थलगत निरीक्षण र परीक्षण बेगर DPR तयार गरेको देखिदाँ नेपाल सरकारलाई रु १५६२२९३.७६ व्ययभार पर्न गएको देखियो । सो का लागि सम्बन्धित परामार्श दातालाई जिम्मेवार बनाइनुपर्दछ। साथै यस वर्ष गै स स लाई गोश्वरा भौचर नं ३ र २५ बाट जम्मा रु २७३४४६ सेवा शुल्क भुक्तानी भएकोमा गै स स ले उपलब्ध गराएको प्रविधिक परामर्श सेवा गुणस्तरिय रहेको मा आश्वस्त हुन सकिएन। सम्बन्धित गैर सरकारी संस्था ले बर्ष भरी उपलब्ध गराएको सेवाको पुष्ट्याई सहितको विवरण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७३,४४६ |

४२.२ पालिकाले दोस्रो रनिङ, बिलवापत रु १९०५९८५ झुलेङ्गे पुल निर्माण उपभोक्ता समिति लाई भुक्तानी गरेको देखियो । उपरोक्त रनिङ बिल को Item No 6 -Boring. Providing and installing 600mm dia Bored RCC Pile को ११२ Rm को १२१९९.९ को दरले रु १३६६३५४.०८ भुक्तानी भएको मा Detail cost Estimate अनुसार उपरोक्त दर रेट ११५२९.३३ हुनुपर्नेमा बढी दर रेटमा भुक्तानी भएकोले यस्तो बढी भुक्तानी असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७५,०७० |

४२.३ पालिकाले तेस्रो रनिङ विल वापत रु १२८३२०० भुक्तानी हुदाँ Item No 12 tools set को ३८०५३ भुक्तानी भएको देखिन्छ । स्रेस्ता परीक्षण गर्दा उपरोक्त Tools खरिद गरेको कर विजक पेश नभएकोले यस्तो भुक्तानी यकिन गर्न सकिएन । तसर्थ सो खरिदको कर विजक पेश गर्ने अन्यथा असुल गर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३८,०५३ |

४३ **मालसामानको लागत अनुमान-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५क मा सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान वा सेवा खरिद गर्नुअघि ऐनको दफा ४ बमोजिमको स्पेसिफिकेसन, योजना, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु वा गराउनुपर्ने व्यवस्था गरेको छ। त्यसै गरी नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही तयार गर्नु पर्ने र मालसामानको लागत अनुमान तयार गर्दा लिनुपर्ने आधारहरुको व्यवस्था गरेको छ । पालिकाले मालसामान तथा सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीले निर्धारण गरेको व्यवस्था बमोजिमको स्पेशिफिकेशन सहितको लागत अनुमान तयार गरी खरिद कार्य गरेको देखिएन।

४४ **सोझै खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रक्रियामा सबैलाई सहभागी हुन समान अवसर प्रदान गर्न बोलपत्र आह्वान गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडाको बिजुली पोलमा बत्ति जडान शिर्षकमा रु २० लाख विनियोजन गरेकोमा सार्वजनिक खरिद नियमावली ले व्यवस्था गरेको खरिद विधि विपरित

टुक्रा टुक्रा गरी ६ वटा गोश्वरा भौचार बाट फरक फरक खरिदको कुल रु.१७७१७०९ भुक्तानी गरेको नियम संगत देखिदैन। पालिकाले कानून परिपालना गर्दै यस्ता प्रवृति नियन्त्रण गर्नुपर्दछ।

४५ **कानूनी सल्लाहकार-** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ अनुसार स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव, सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन। साथै ऐनको दफा १४ मा ऐनले तोकेको सेवा सुविधा बाहेक थप अन्य सेवा सुविधा नपाउने भनि व्यवस्था गरेको छ। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ। पालिकाले कानूनी सल्लाहकार भनी रमाकान्त चौधरी लाइ मासिक रु१५००० को दरले बर्ष भरी पारिश्रमिक भुक्तानी गरेको छ। तर सम्बन्धित व्यक्तिले कार्यालयमा हाजिर गरेको तथा न्यायिक समिति बैठकमा उपस्थित भई काम काज गरेको प्रमाण नदेखिएकोले निजले पालिकामा सेवा प्रदान गरेको यकिन गर्न सकिएन। निज पालिकामा सम्झौता बमोजिम आई सेवा प्रदान गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८०,००० |

४६ **अनुगमन भत्ता-** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ मा अनुगन मासिक ३ वटाको दरले मात्र अनुगमन भत्ता पाउने उल्लेख छ। अनुगमन गर्दा , अनुगमन को मिति, योजना, कार्यक्रमको नाम खुल्नुपर्ने तथा अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ। पालिकाको उपाध्यक्ष कल्पना कुमारी चौधरी लाई श्रावण देखि माघ सम्मको २१ वटा अनुगमन बापत रु.२५०० का दरले रु ५२५०० भुक्तानी गरेको छ। साथै अनुगमन भनी वर्ष भरिको एकमुष्ट ३६ अनुगमन को ९०००० भुक्तानी गरेको छ। श्रेस्ता साथ कति योजना अनुगमन र कुन योजनाको अनुगमन भयो भनि प्रतिवेदन पेश भएको छैन। निजले बर्षभरी बढिमा मासिक ३ वटा अनुगमन रु २५०० का दरले रु ९०००० मात्र अनुगमन भत्ता पाउनेमा ४४६२५(कर बाहेक) बढि भुक्तानी भएको असुल हुनुपर्ने देखिन्छ। साथै गो भौ च नं ४२१ बाट भुक्तानी गरिएको रु ९०००० मा आयकर ऐन २०५८ दफा ८८ अनुसार सेवा शुल्क भुक्तानीमा १५ प्रतिशत कर कट्टि गर्नुपर्नेमा सो नगरेको ले बर्षभरी पाउने अनुगमन भत्तामा लाग्ने कर रु.१३५०० समेत एक मुस्ट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,१२५ |

४७ **पदाधिकारी सुविधा-** मधेश प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ३ अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकममा नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउने व्यवस्था छ । पालिकाले यो वर्ष पदाधिकारी सुविधा बैठक बापत रु.७९४५०० र सेवा सुविधा शिर्षक समेत बाट रु.६९९९०५० समेत रु ७७९३५५० पदाधिकारी सुविधा वापत भुक्तानी गरेको छ ।

४८ **तलवी प्रतिवेदन-** निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रु.२४१८९६९८, शिक्षातर्फ शिक्षकहरुको रु.८४६८६९५१र पालिकाका चालुतर्फ रु. १६८७९४३४ गरी रु. १२,५७,५५,९८३ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा

पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

४९ **पदाधिकारी पेश्की-** स्थानीय तहको पदाधिकारी तथा सदस्यको लागि सेवा सुबिधा सम्बन्धी कानूनले पदाधिकारीलाई कुनै पनि पेश्की दिने व्यवस्था गरेको देखिदैन ।पालिकाले पदाधिकारी सेवा सुबिधा तथा अन्य प्रकृतिको कामको लागि पेश्की भुक्तानी गरेको देखियो।पालिकाले पदाधिकारीलाई कानूनी प्रावधानमा भएको व्यवस्था बाहेकको सुबिधा दिने प्रवृति नियन्त्रण गर्नुपर्दछ ।

५० **भ्रमण खर्च-** दैनिक भ्रमण नियमावली २०६४ ले पदाधिकारी तथा कर्मचारीको भ्रमण अभिलेख खाता राख्नु पर्ने तथा भ्रमण बील पेश गर्दा भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ।सोहि नियमावलीको नियम ४ ले भ्रमण किफायती र कम खर्चिलो हुनुपर्ने भनेको छ ।पालिकाले अध्यक्ष उपाध्यक्ष र सबै वडा अध्यक्ष(६जना)ले उही मितिमा काठमान्डौ जनकपुर लगायतका स्थानमा भ्रमण गएको भनि भ्रमण भत्ता भुक्तानी गरेको देखिन्छ ।पालिकाले नियमावलीले व्यवस्था गरे बमोजिम भ्रमण अभिलेख खाता र भ्रमण अभिलेख प्रतिबेदन राखेको देखिएन ।एकै गन्तव्य देखिए पनि फरक फरक साधन प्रयोग गरी सवारी खर्च लिनु किफायती मान्न सकिदैन।नियमावलीले व्यवस्था गरे बमोजिमको भ्रमण अभिलेख खाता र भ्रमण प्रतिबेदन संलग्न नदेखिनुले भ्रमण नियम संगत देखिदैन। नियमावलीले भने बमोजिमको भ्रमणको उदेश्य र पुष्ट्याई हुने गरी प्रतिबेदन पेश गर्नुपर्ने अन्यथा सम्बन्धित बाट असुल गर्नुपर्ने रु.

| पदाधिकारी | भ्रमण मिति | रकम |
|---|---|---|
| दिनानाथ चौधरी | २०७९-०७-१ देखि ७<br>८-१३ देखि १९<br>९-५ देखि ११<br>९-१५ देखि २१ | ५०००० |
| कल्पना चौधरी | २०७९-०७-१ देखि ७<br>८-१३ देखि १९<br>९-५ देखि ११<br>९-१५ देखि २१ | ५०००० |
| गोपाल प्रसाद चौधरी | २०७९-०७-१ देखि ७<br>८-१३ देखि १९<br>९-५ देखि ११ | ३०००० |
| तेज नारायण यादव | २०७९-०७-१ देखि ७<br>८-१३ देखि १९<br>९-५ देखि ११ | ३०००० |
| सबजुल खलिफा | २०७९-०७-१ देखि ७<br>८-१३ देखि १९<br>९-५ देखि ११ | ३०००० |
| पशुपति प्रसाद चौधरी | २०७९-०७-१ देखि ७<br>८-१३ देखि १९<br>९-५ देखि ११ | ३०००० |

| | | |
|---|---|---|
| सब्दुल मिया | २०७९-०७-१ देखि ७<br>८-१३ देखि १९<br>९-५ देखि ११ | ३०००० |
| अशोक आचार्य | २०७९-०७-१ देखि ७<br>८-१३ देखि १९<br>९-५ देखि ११ | ३०००० |
| जम्मा | | २८०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८०,००० |

५१ **शिक्षा तर्फ-**

५१.१ **तलब निकासा-** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० मा स्थानिय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त गरी वा अद्यावधिक गरि सोहि अनुसार दरबन्दि, राहत र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुका लागि विद्यालयबाट प्राप्त माग फारम रुजुगरी अनुदान निकासा गर्ने व्यवस्था छ । यस गाँउपालिकाले स्थायी शिक्षकहरुको तलवि प्रतिवेदन पारित गराइ सो बमोजिम निकासा गर्नुपर्नेमा सो नगरेको, शिक्षक सरुवा बढुवा, राजिनामा, अवकाश लगायतको एकिकृत विवरण पेश नगरेको तथा विद्यालयको माग फारमलाइ मात्र आधार लिइ १७ वटा विद्यालयलाई रु. ८,४६,८६,९५१ तलब निकासा गरेको पाइयो । लेखापरीक्षण योजना बमोजिम २५ प्रतिशत विद्यालयको माग फारम बमोजिमको निकासा भिडान गरिएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरित तलबि प्रतिवेदन बेगर तलब निकासा गरेकोमा ग्रेड भिडान तथा दरबन्दि बमोजिमको निकासा भिडान गर्न सकिएन । तलवि प्रतिवेदन पारित गराइ विद्यालयबाट प्राप्त माग फारम रुजु गरी अनुदान निकासा गर्ने पद्धती अवलम्वन गर्नुपर्दछ ।

५१.२ विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान- विद्यालयहरुलाई निम्न शिर्षकबाट वार्षिक रुपमा पाउने विषयगत अनुदानको निकासा दिएको तर लेखापरीक्षणको क्रममा समेत उक्त खर्चको बिल भर्पाइ र प्रतिवेदन पेश नभएकाले विद्यालयहरुले विलअनुसारको खर्च प्रमाण र प्रतिवेदन पेश गर्नुपर्ने रु.
(विस्तृत व्यहोरा अनुसूचि खण्डमा समावेश गरिएको छ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८५,००० |

**(विस्तृत विवरण बेरूजु दफा ५१.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५१.३ **सिकाई सामाग्री व्यवस्थापन अनुदान-** निम्न विद्यालयहरुलाई प्रति विद्यार्थीलागत अनुदान अन्तर्गत १७ वटा विद्यालयलाई कक्षा १-५ का लागि Book Corner व्यवस्थापन, कक्षा ६-१२ का लागि शिक्षण सिकाई सामाग्री व्यवस्थापन अनुदान निकासा गरेको छ। लेखापरीक्षण अवधि भर सिकाई सामाग्री खरिद भएको बिल भर्पाई पेश नभएकोले खरिदको बिलभर्पाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,५५,९५० |

**(विस्तृत विवरण बेरूजु दफा ५१.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५१.४ **प्राविधिक ग्रेड-** शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले २०७८/२/२९ च.नं. २०० को पत्रअनुसार २०५७ असार मसान्त सम्ममा प्राविधिक तालिम प्राप्त गरि स्थायी भएका तथा २०७३ असार मसान्त सम्म प्राविधिक ग्रेड खाइपाई आएका शिक्षकलाई मात्र विशेष व्यवस्था अनुसार प्राविधिक ग्रेडवापत २ ग्रेड दिने व्यवस्था गर्न परिपत्र गरेकोमा गाउँपालिकाले २०७९/८० मा शिक्षकहरुलाई प्राविधिक ग्रेडबापतको रकम दिएको देखिन्छ। २०७५ श्रावण देखि निरन्तर रुपमा प्राविधिक ग्रेड नपाएका शिक्षकलाई भुक्तानी दिनुपर्ने भन्दा बढी भुक्तानी दिएको रु.६५,७७४ फिर्ता गर्नुपर्ने रु.

| नाम | पद | ग्रेड | बार्षिक क.सं.समेत |
|---|---|---|---|
| बिष्णु देव चौधरी | प्रा.शि. द्बितिय | ११५८ | ३२८८७ |
| फूल कुमारी चौधरी | प्रा.शि. द्बितिय | ११५८ | ३२८८७ |
| जम्मा | | | ६५७७४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६५,७७४ |

५१.५ **पाठ्यपुस्तक खरिद-** कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७९।८० मा निःशुल्क पाठयपुस्तक अनुदान अन्तर्गत ईमिसमा प्रविष्टि तथ्याङ्कलाई यथार्थ तथ्याङ्क सँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी यकीन संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयलाई अनुदान दिने र यसरी अनुदान दिदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने तथा २०७९ बैशाखमा सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठयपुस्तक खरीद र वितरण गरेको विवरणको आधारमा यकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था छ । पालिकाले पहिलो किस्ता र दोस्रो किस्ता दुवै इमिस को आधारमा क्रमश पहिलो किस्ता रु.२३,३५,६०१ र दोस्रो किस्ता रु. १०,५७,९५० समेत रु. ३३९३५५१ निकासा गरेको छ।

५१.६ **पाठ्यपुस्तक वितरण-** कक्षा ११-१२ को नयाँ शैक्षिक सत्र श्रावण/भाद्र महिनाबाट सुरु हुने भएकाले कार्यक्रम कार्यन्वयन पुस्तिका क्रियाकलाप नं २.४.६.१ मा विद्यालय पाठ्यपुस्तक व्यवस्थापनको लागि कक्षा ११-१२ लाई आ.व. को पहिलो प्रथम त्रैमासिक सम्ममा पाठ्यपुस्तक अनुदान दिने उल्लेख छ। यसरी अनुदान दिदा ७५ प्रतिशत अनुदान दिने र वितरण गरेको विवरण यकिन गरी नपुग हुने रकम दोस्रो पटक दिने उल्लेख छ। तर यस कार्यालयले कक्षा ११-१२ लाई पाठ्यपुस्तक खरिदको लागि तेस्रो त्रैमासिक अन्त्यमा, चैत्र १८ गते भुक्तानी दिएको छ। साथै पालिकामा अवस्थित उ.मा.वि.हरुले पुस्तक खरिद र भर्पाई मिति २०८० जेष्ठ र अषाढ महिनामा खरिद गरी बिल भर्पाई पेश गरेको छ। कक्षा ११ र १२ को परीक्षाको सञ्चालन भइरहेको समयमा र बार्षिक परिक्षा सकि-सके पछि पाठ्यपुस्तक खरिद गरी वितरण गर्नु नियम सम्मत नदेखिएको रु.

| विद्यालय | खरिद मिति | रकम |
|---|---|---|
| सुदनवति देविलाल फुलमन्ती जनता मा.वि. सितापुर | २०८०/३/२४ | ५०७७२ |

| | | |
|---|---|---|
| ठाकुरजि मा.वि. बकधुवा जण्डौल | २०८०/१/९ | ३८५०० |
| महिका माध्यमिक विद्यालय, प्रस्वनी | २०८०/२/६ | २३४१२ |
| जम्मा | | ११२६८४ |

| | |
|---|---|
| अनियमित भएको | १,१२,६८४ |

५१.७ **बढी दिवा खाजा भुक्तानी-** पालिकाले दिवा खाजा रकम पुष १ गते ९० दिनको लागि IEMIS सत्यापनको आधारमा रु. ४६,००,८०० र दोस्रो त्रैमासिक अषाढ महिनामा रु. ३२७८९२५ समेत रु.७८७९७२५.०० विद्यालयको खातामा निकासा गरेको छ । यस सम्बन्धमा पालिकाले नियमीत अनुगमन गरी बास्तवीक उपस्थित विद्यार्थी संख्याको आधारमा गणना गरी दिवा खाजा निकासा गर्नुपर्दछ । दिवा खाजा कार्यक्रम अन्तर्गत पहिलो तथा दोस्रो निकासाको नमुना छनौट गरी खाजा चलेको दिन र निकासा दिन परीक्षण गर्दा खाजा चलेको दिन भन्दा निकासा दिन बढी भएको पाइयो । साथै केही विद्यालयहरुमा दिवा खाजा सञ्चालनमा विद्यार्थी उपस्थिति बास्तविक भर्ना भएको संख्या भन्दा धेरै कम भएको तर दिवा खाजा बिल पेश गर्दा एकमुस्ट विद्यार्थी संख्याको आधारमा पेश भई भुक्तानी भएको छ। बढि भुक्तानी बापत निम्न विद्यालयबाट दिवा खाजा रकम असुल हुनुपर्ने रु.
(विस्तृत व्यहोरा अनुसूचि खण्डमा समावेश

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,८५,११३ |

**(विस्तृत विवरण बेरूजु दफा ५१.७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५१.८ **सेनीटरी प्याड खरिद-** सामुदायिक विधालयमा अध्ययनरत किशोर अवस्थाका छात्रालाई महिनावारी सामाग्री उपलव्ध गराइ उनीहरुको स्वास्थ्य सुधार गर्न ,सोही कारणवाट विधालय छोड्ने समस्या समाधान गर्न पालिकाले यो वर्ष सिलवन्दी दरभाउपत्रको माध्यमवाट २५६२८ प्यकेट सेनेटरी प्याड खरिद गरी देव ट्रेडर्स एण्ड सप्लायर्स लाई रु ६,३७,११२ भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

५१.९ सेनीटरी प्याड

........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२५ को निर्णयानुसार ६३७,११२ को सम्परीक्षण मनासिब देखि फर्स्यौट गरिएको)***

५१.१० कार्यविधिको दफा ६ मा विद्यालयले दफा ५ वमोजिम उपलव्ध सेनीटरी प्याड र छात्राहरुलाइ वितरणको अभिलेख राख्नुपर्ने , सो को सूचना प्रत्येक महिनाको पहिलो हप्ता विद्यालयको सूचानापाटीमा टाँस गर्नुपर्ने व्यवस्था छ साथै कार्यविधिको दफा ४ मा स्थानीय तहले खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्नुपर्नेमा राखेको पाइएन। पालिकाले खरिद गरिएका सामग्रीको भण्डारण व्यवस्थित गरी विग्रन बाट जोगाउने तर्फ ध्यान दिनुपर्दछ।

५२ **विविध खर्च-** मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका अनुसूचि-३ अनुसार छात्राबासको सुविधा भएको, बसोबास गरेको स्थान देखि ओहोर दोहोर गर्न नसकिने, २० किलोमिटर भन्दा टाढा र आवासिय कार्यक्रममा मात्र कार्यक्रम बापत खाना खर्च लेख्न सकिने उल्लेख छ। रोजगार संयोजक नारायण साहले रोजगार सम्बन्धी कार्यक्रम कार्यालयको हलमा संचालन गरी रु. ५०००० को पे.फ. गरेको छ। कार्यक्रममा नास्ता, चिया, पानीको बिल पेश गरि खर्च लेखेको छ। खाजा नास्ता बाहेक थप पदाधिकारी तथा पालिकाकै कर्मचारी सहभागी अभिमुखिकरण कार्यक्रममा बब्बु होटलको खाना बापतको रु. १३,५०० को बिल पेश गरी खर्च लेखेको छ। कार्यालयमै पालिकाको कर्मचारी तथा पदाधिकारी बसि अभिमुखिकरणमा खाजा नास्ताको बिलमा थप खानाको बिल पेश गरी खर्च लेख्नु नियम सम्मत नदेखिएकाले खानाबापतको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,५०० |

५३ **ढुवानी कर-** आयकर ऐन, २०५८ को दफा ८८ मा मेशिन भाडा कर बापत १० प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ। महुली आँप पकेट र पुरानो धान पकेट निरन्तरता अन्तर्गत जनसेवा धान बाली पकेटले पेश गरेको बिल बिजकमा सामाग्री खरिद गरी पकेट कार्यस्थान सम्म ढुवानी गर्दा निम्न व्यक्तीहरुलाई ढुवानी खर्च लेखेको छ। गाडी बहाल तथा ढुवानी सेवा बापत १० प्रतिशतले कर कट्टि गर्नुपर्नेमा सो नगरी निम्न व्यक्तीलाई भुक्तानी गरेकोले कर असुल गरी कर दाखिला गर्नुपर्ने रु.

| नाम | व्यहोरा | रकम | ढुवानी कर |
|---|---|---|---|
| संतोष कुमार दास | जनसेवा धान पकेट अन्तर्गत कम्पोष्ट मल ढुवानी | ९६००० | ९६०० |
| गया देवी चौधरी | | १३६००० | १३६०० |
| श्रीप्रसाद अर्याल | महुली आँप पकेट अन्तर्गत कम्पोष्ट मल ढुवानी | ४८००० | ४८०० |
| भुवन कुमारी आचार्य | | ४८००० | ४८०० |
| जानुका कुमारी घिमिरे | | ४८००० | ४८०० |
| विन्दा पोखरेल | | ४८००० | ४८०० |
| काजी बहादुर सार्कि | | ४८००० | ४८०० |
| जम्मा | | | ४७२०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,२०० |

५४ **आप पकेट-** आप पकेट विकास कार्यक्रम अन्तर्गत महुली आँप पकेट संचालन समन्वय समिति सँग पालिकाले सम्झौता गरी पालिकाको तर्फबाट ५० प्रतिशत अनुदानबापत रु. २३,२७,७०२ खर्च लेखेको छ। पकेट विकास कार्यक्रमको लागि पालिकाले सूचना आह्वान गर्दा ४ कृषक समूहले पकेटमा सहभागिताको लागि आवेदन दिएको देखिन्छ। चम्पामाई कृषि सहकारी सं. लि., सलहेश आँप उत्पादक कृषक समूह, उद्यमी कृषक समूह रजनसेवा धानवाली पकेट ले आवेदन दिएको देखिन्छ। प्रधानमन्त्री कृषी आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल ४.१.४ मा आप पकेटको लागि तराई क्षेत्रमा १० हेक्टर क्षेत्रफल आवश्यक हुने उल्लेख छ। प्रस्तावित पकेट कार्यक्रममा जनसेवा धानवालीलाई गत वर्ष

देखि नै धान पकेट सञ्चालन गरिरहेको भनि छनौट नगरी बाँकी ३ वटा कृषक समूहहरुलाई एकिकृत रुपमा समावेश गरी नयाँ पकेट समितिको गठन गरेको छ। व्यक्तिगत रुपमा कुनै कृषि समूहको भौगोलिक क्षेत्रफल १० हेक्टर नपुग्ने भएकाले २०७९/१०/२० गते ३ वटै कृषक समुहलाई एकिकृत गरी माहुली आँप पकेट समितिको गठन गरेको देखिन्छ। कार्यक्रम अन्तर्गत पावर ट्रिलर, सिँचाइको पि भि सी पाइप, पावर स्प्रेयर, चेन साउ रु.२६०७१४९ मा खरिद गरेको छ। समरसिवल बोरिङ विभिन्न ६ ठाउँमा जडान गरी रु. १४६६८० खर्च लेखेको छ। उक्त पकेट कार्यक्रम सम्पन्न भइसकेको भए पनि अनुदानको सहि सदुपयोग भएको छ छैन भनि पालिकाबाट कुनै किसिमको अनुगमन गरेको देखिएन। अनुदानको सहि सदुपयोग भए नभएको पालिकाबाट अनुगमन गरी अनुदानको सदुपयोग सुनिश्चित गर्नुपर्दछ।

५५ **भुक्तानी बाँकी कच्चाबारी बेगर भुक्तानी**

**........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२३ मा अग्निसाईर कृष्णासवरन गाँउपालिका को ३९७,००० सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको)**

५६ **जिन्सी दाखिला प्रतिवेदन-**

**........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२३ मा अग्निसाइर गाउँपालिका को २९९,४५० सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको)**

५७ **व्यक्तिलाई भुक्तानी**-सबै गैर सरकारी संस्था कानुन अनुसार दर्ता हुनुपर्ने तथा आफ्नै नामबाट संस्थाको आर्थिक कारोबार सञ्चालनको लागि बैंक खाता हुनुपर्ने व्यवस्था छ। पालिकाले थारु कल्याणकारी सभा लाई माघी पर्वका लागि रु २००००० भुक्तानी गरिएको भनिएकोमा सम्बन्धित संस्थाको खाता मा भुक्तानी नगरी मेला आयोजक समिति अध्यक्ष को नाममा भुक्तानी गरेको छ। संस्थालाई दिनुपर्ने भुक्तानी व्यक्तीलाई दिईदा सो रकम पाउनु पर्ने संस्थाले पाए नपाएको यकिन गर्न सकिएन ।सम्बन्धित संस्थाको आयमा सो रकम समाबेश भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

५८ **विवरण पेश-** भ्रमण खर्च नियमावली २०६४ अनुसार भ्रमण तथा अनुगमन बापत कार्य सम्पन्न पश्चात भ्रमण तथा अनुगमनको प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ। पालिकाको उपाध्यक्षलाई अनुगमनमा गएको भनि अनुगमन भत्ता बापत एकमुस्ट रु. ९०००० भुक्तानी भएको देखिन्छ। पेश भएको श्रेस्ता साथ अनुगमन गरेको योजना, कार्यक्रमको नाम नखुलाइएको, भ्रमण गरेको मिति, समय नखुलेको साथै अनुगमन बापतको अनुगमन प्रतिवेदन पेश भएको छैन। अनुगमनको मिति, योजना तथा उपलब्धी सहितको प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९०,००० |

५९ **सोझै खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा सार्वजनिक निकायले गर्ने खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था गरेको छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) अनुसार रु.१० लाखसम्म लागत अनुमान भएको मालसामान र निर्माण कार्य सोझै खरिद गर्न सकिने व्यवस्था छ। सोहि नियम बमोजिम कार्यालयले रु.१० लाख भित्रको लागत

अनुमान तयार गरी बिभिन्न आपूर्तिकर्ताबाट सोझै खरिद गरी भुक्तानी दिएको छ। वार्षिक कार्यक्रम अनुसार आवश्यक प्रकृया मिलाई प्रतिस्पर्धात्मक तरिकाबाट खरिद गर्नु पर्नेमा सोझै खरिद गर्ने कार्य नियमसम्त देखिएन। एकै प्रकृतिको खरिद कार्य सोझै खरिद विधिबाट गर्ने प्रवृति नियन्त्रण गर्नुपर्दछ। एकै प्रकृतिका सोझै खरिदका केहि उदाहरणः

| गो भौ | काम | आपूर्तिकर्ता | रकम |
|---|---|---|---|
| ३५६/३-१० | मसलन्द सामग्री | जय मा काली ट्रेडर्स | ९९८३२६ |
| ३५५/३-१० | मसलन्द सामग्री | दिप ट्रेडर्स एण्ड सप्लायर्स | ४९९८०९ |
| ३९६/३-२१ | ब्याग लगायत सामग्री | दिपक ट्रेडर्स एण्ड सप्लायर्स | ४२९४९८ |
| ३९८/३-२१ | ब्याग | दिपक सप्लायर्स | ९९९४०० |

६० **खर्च पुष्ट्याई-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली को नियम ५७ मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलावद्ध राख्नु पर्ने र त्यस्ता बिल कागजात लाई खर्च स्वीकृत गर्ने अधिकारीले प्रमाणित गर्नुपर्ने व्यवस्था छ ।पालिकाले दिनानाथ चौधरीको रु,२५०००० को पेश्की फस्यौंट गर्दा खर्चको औचित्यता र उदेश्य खुल्ने कागजात प्रमाण, दाखिला,उपस्थिति लगायतका आवश्यक कागजात संलग्न नराखी बिभिन्न मितिका बील मात्र संलग्न गरी फछ्यौंट गरेको देखिन्छ ।प्रमाण कागजात बेगर सो खर्च पालिका संग सम्बन्धित रहेको आश्वस्त हुन सकिएन।पालिकाको उदेश्य अनुरुप खर्च भएको पुष्ट्याई हुने कागजात पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

६१ **वडा संचालन खर्च-** पालिकाले बिभिन्न गो भौ बाट वडा संचालन बापतको भुक्तानी भनि प्रति वडा औसत ७ लाख भुक्तानी गरेको देखिन्छ । जसमध्ये करिब ६ लाख खाजा खानाको बील पेश गरी पेश्की फछ्यौंट तथा शोधभर्ना गरेको देखियो ।खर्च पुष्ट्याई गर्ने पर्याप्त प्रमाण कागजात संलग्न नरहँदा भएका खर्च उदेश्य अनुरुपले भएको भनि यकिन गर्न सकिएन । पालिकाले यस्ता खर्च भुक्तानी गर्दा औचित्य र प्रमाणका आधारमा मात्र भुक्तानी गर्नुपर्दछ ।

६२ **सवारी तथा मेशिनरी मर्मत सम्भार**

सार्वजनिक खरिद नियमावलीको नियम ९६ मा मालसामान मर्मतका लागि उपकरण वा पार्टपूर्जा खरिद गरेकोमा सार्वजनिक निकायले त्यस्तो मालसामान वा उपकरण जिन्सी दाखिला गराई प्रति एकाई मूल्य पाँच हजार रुपैयाँभन्दा बढी पर्ने उपकरण वा पार्टपूर्जाको अभिलेख राख्नु पर्नेछ र त्यस्ता पार्टपूर्जा पुराना उपकरण वा पार्टपूर्जाको लागि प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नु पर्ने प्रावधान रहेको छ ।पालिकाले विभिन्न मितिमा सवारी तथा मेशिनरी मर्मत बापत भुक्तानी गरेकोमा मर्मत गरिंदा फेरिएका पार्ट पुर्जाको दाखिला गरेको पाइएन।

६३ **योजना/कार्यक्रमको अनुगमन प्रतिबेदन-** स्थानीय सरकार संचालन ऐन २०७४ ले उपाध्यक्ष/उपप्रमुख को काम कर्तव्य अधिकार भित्र स्थानीय तहले संचालन गर्ने योजना/कार्यक्रमको अनुगमन गरी त्यसको प्रतिबेदन पालिका बैठकमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ ।पालिकाले यस वर्ष संचालन गरेका आंशिक योजना/कार्यक्रमको मात्र त्यसरी अनुगमन गरिएको देखियो भने पालिका बैठकमा ति अनुगमन प्रतिबेदन

पेश भएको देखिएन ।पालिका बाट संचालन हुने सबै प्रकृतिका योजना तथा कार्यक्रमको उपाध्यक्ष/उपप्रमुख बाट अनुगमन गरी सो प्रतिबेदन नियमित रुपले पालिका बैठकमा पेश गर्ने परिपाटी विकास गर्नुपर्दछ ।

६४ **दाउरा खरिद**

**✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१६ मा अग्निसाईर कृष्णसावरन गा पा को १२९,००० सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको)**

६५ **यातायात भत्ता-**स्थानीय पदाधिकारी सेवा सुविधा ऐन अनुसार गाउँपालिका अध्यक्षलाई गाडी सुविधा, उपाध्यक्षलाई मासिक यातायात भत्ता तथा निजामति सेवा ऐन अनुसार कर्मचारीलाई दुई पाङ्ग्रे सवारीको व्यवस्था र मासिक इन्धनको सुविधा व्यवस्था गरेको छ। निम्न कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी सहभागि भए बापत सहभागी भत्ता र यातायात भत्ता दुवै भुक्तानी गरेको पाइयो। नमुना छनौट गरी परीक्षण गर्दा निम्न भौचरहरुबाट नियमित कार्यक्रमहरुमा समेत यातायात भत्ता बुझेकोले व्यहोरा अनुसारको यातायात भत्ता असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,६०० |

**(विस्तृत विवरण बेरूजु दफा ६५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६६ **कर-** आयकर ऐन २०५८ दफा ८८ मा बासिन्दा व्यक्तिले सेवा शुल्क भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टि गर्नुपर्दछ।पालिकाले वर्थिङ सेन्टरमा नाइट ड्युटि बापत प्रति रात्री ड्युटी रु. १५० का दरले भुक्तानी दिएको छ। निम्न कर्मचारीहरुलाई अतिरिक्त समय काम गरेबापत भुक्तानी दिदा ऐन बमोजिम १५ प्रतिशत कर कट्टि नगरी भुक्तानी गरेको ले कर बापत को रकम असुल हुनुपर्ने रु.

| नाम | दिन | दर | रकम | कर |
|---|---|---|---|---|
| हरिकला कुमारी चौधरी | १३७ | १५० | २०५५० | ३०८२ |
| मिना कुमारी चौधरी | १८२ | १५० | २३७०० | ३५५५ |
| रन्जना कुमारी चौधरी | ९० | १५० | १३५०० | २०२५ |
| ममता कुमारी चौधरी | १३८ | १५० | २०७०० | ३१०५ |
| रेणु कुमारी चौधरी | ३६५ | ७५ | २७३७५ | ४१०६ |
| महेश कुमार चौधरी | ३६५ | ७५ | २७३७५ | ४१०६ |
| शुशिला कुमारी चौधरी | १८२ | १५० | २७३०० | ४०९५ |
| जम्मा | | | | २४०७४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,०७४ |

६७ **फाजिल कर्मचारी-** निजामती कर्मचारी ऐन, २०४९ अनुसार स्वीकृत दरबन्दी अनुसारको कर्मचारीहरुको पदपूर्ति हुनुपर्दछ। यस गाउँपलिकामा स्वास्थ्य केन्द्र ५ वटा, बर्थिङ सेन्टर २ वटा र सामुदायिक स्वास्थ्य ईकाइ १ वटा रहेकोमा स्वास्थ्य सेवा तर्फ ५ जना र आयुर्वेद औषधालय तर्फ १ समेत ६ जना कर्मचारी फाँजिल रहेको पाइयो। दरबन्दी वेगरका स्वास्थ्यकर्मीहरुलाई यथाशिघ्र स्थान्तरण गर्न सम्बन्धित निकायको ध्यान जानु जरुरी देखिन्छ।

६८ **आमा सुरक्षा कार्यक्रम-**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी आ.व. २०७८/७९ आमा सुरक्षा कार्यक्रमको भुक्तानी भनि यस वर्ष रु. ३,५८,००० खर्च लेखेको छ। श्रेस्ता साथ गत आ.व. को भुक्तानी बाँकीको टिप्पणी र कच्चाबारी नरहेकोले गत वर्षको भुक्तानी बाँकीको खर्चमा विश्वास्त हुने आधार भएन। गत वर्ष भुक्तानी हुन बाँकीको प्रमाण तथा कच्चाबारी र निर्णय पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५८,००० |

६९ **न्यानो झोला खरि-**

.......... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१६ मा अग्निसाइर कृष्णसवरन गाउँपालिका को ३१४,७६२ सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको)***

७० **कर्मचारी व्यवस्था-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरवन्दी वेगरका देहायका पदमा निम्नानुसार कर्मचारी नियुक्ति गरी तलव भत्ता भुक्तानी गरेको पाइयो। पालिकाले आयुर्वेद शाखा तर्फ स्वीकृत दरवन्दी वेगरको पदमा करार कर्मचारी राखी शसर्त चालु बजेट तर्फबाट तलव भत्ता भुक्तानी गरेको पाइयो । दरबन्दी भन्दा बढी कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पालिकाले पेश गरेको छैन । जसले गर्दा प्रशासनिक खर्चमा वृद्धि हुनुका साथै अन्य कार्य उपलब्धिमा समेत नकारात्मक असर पर्दछ । स्वीकृत दरबन्दी बेगर पदमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु

| पदको नाम | स्वीकृत दरवन्दी | पदपूर्ति | दरबन्दी भन्दा बढी पदपूर्ति | बार्षिक पारिश्रमीक |
|---|---|---|---|---|
| का.स. | १ | २ | १ | २८८२०० |
| पाले पहरा | ० | १ | १ | २०५००० |
| जम्मा | | | | ४९३२०० |

| | |
|---|---|
| अनियमित भएको | ४,९३,२०० |

७१ **औषधी खरिद**

✎ ........... **(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१६ मा अग्निसाइर कृष्णसवरन गाउँपालिका को ३,५६६,६१० सम्परीक्षण मनासिब देखि फस्योंट गरिएको)**

७२ **सुनौलो हजार दिन कार्यक्रम-** बहुक्षेत्रिय पोषण सहकारी अनुदान अन्तर्गत महिला तथा बालबालिकाको सुनौलो हजार दिन कार्यक्रम मार्फत आय आर्जन उत्थानका लागि नेपाल सरकारबाट पालिकाहरुमा अनुदान प्रदान गर्दै आइरहेको छ। यस पालिकामा विषयगत क्षेत्र अन्तर्गत सुनौलो हजार दिन मा आवद्ध सहकारी महिला सदस्यहरुको आय आर्जन सुधारको लागि पालिकाले सुनौलो हजार दिनमा आवद्ध हुनलाई ३ पटक सूचना प्रकाशन गरेकोमा जम्मा एक मात्र समूह लालिगुरास महिला वचत तथा ऋण सहकारी संस्था लि. ले निवेदन दिई छनौट गरेको छ। सुनौलो हजार दिनमा आवद्ध महिलाहरुको आय आर्जन सुधारको लागि महिलाहरुलाई बाखा पालनको लागि भनि रु. ६,२५,००० खर्च लेखेको छ। श्रेस्ता साथ २५ जना महिला सदस्यहरुलाई बाखा खरिदको बिल र बाँडेको भर्पाइ पेश गरेको छ। पालिकाले सहकारी सँग सम्झौता गरी अनुदान वितरण गर्दा कुनै पनि टिप्पणीमा लालिगुरास महिला बचत तथा ऋण सहकारीको सदस्य संख्या तथा अनुदान पाउने महिलाहरु संस्था कै सदस्यहरु हो भनि आधार खुल्न आएन। साथै अनुदानको प्राथामिकता सुनौलो हजार दिनामा आधारित महिलालाई प्राथामिकता दिनुपर्नेमा २५ महिला सुनौलो हजार दिनमा आबद्ध हो होइन भन्ने जानकारी समेत पेश हुन आएन। अनुदानको सहि सदुपयोग भए नभएको सुनिश्चित गर्ने साथै सुनौलो हजार दिनमा आधारित महिलाले अनुदान पाएको हो होइन भनि पालिकाले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२५,००० |

७३ **ग्यास चुल्हो खरिद**

✎ ........... **(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको मिति २०८१-१-२३ मा अग्निसाईर कृष्णासवरन गा पा को रु ७५००० को सम्परीक्षण मनासिब देखि फस्योंट गरिएको)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७४ **बढि भुक्तानी** -आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ३९(१०)मा जिम्मेवारी व्यक्तीले सरकारी रकमको खर्च लेख्न अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ। पालिकाले न्यायिक समिति सम्बन्धी तीन दिने कार्यक्रम संचालन गरी राम चरित्र ठाकुर लाई रु. ५००००० खर्च लेखेको छ। पेश गरेको प्रतिवेदनमा सहभागी संख्या २६६ जना रहेको उल्लेख गरेको छ, भुक्तानीका लागि पेश भएको बीलमा औसत रु.१५० का दरले करिब १००० वटा खाजा/नास्ता समावेश गरेको देखिन्छ। उपस्थिती भन्दा बढिको खाजा बापतको रकम नियम सम्मत मान्न सकिदैन। उपस्थिती भन्दा बढी ७०० प्याकेट खाजाको औषत रु १५० ले हुन आउने रकम रु १०५००० सम्बन्धित संग असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०५,००० |

७५ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले बैङ्कमार्फत ६ वटा वडामा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा तेस्रो किस्ता सम्मको रकम को बैङ्क बाट रिभर्स फिड प्राप्त भएको र बैङ्कले पनि रु २३,३२,१९३ दाखिला गरिसकेकोमा चौथो किस्ताको बैङ्क बाट रिभर्स फिड प्राप्त नहुँदा सञ्चितकोषमा फिर्ता गर्नु पर्ने रकम बास्तविक रुपमा एकिन गर्न सकिएन ।

७६ **लगतकट्टा-** सामाजिक सुरक्षा कार्यविधी २०७७ को दफा ११ मा सामाजिक सुरक्षा भत्ता लिइरहेको व्याक्ति आफैं वा त्यस्तो व्याक्तिको सुचकले घटना भएको ३५ दिन भित्र सम्बन्धित स्थानीय तहको वडामा गएर लगत कट्टाको लागि निवेदन दिनुपर्ने व्यवस्था छ। घटना घटेको थाहापाएमा सम्बन्धित वडाका वडाध्यक्ष तथा वडा सदस्यहरु वा कर्मचारीले घटना वारे यकिन गरी लगत कट्टा गर्न सक्ने व्यवस्था छ। पालिकाले दिएको विवरण अनुसार सामाजिक सुरक्षाको चौथो किस्ता वितरण गर्दा सम्म ९९ जानाको लगत कट्टा गरेको विवरण प्राप्त भएकोमा जसमा ५ जानाको कट्टा रकम दाखिला भै सकेको र बाँकि ९४ जानाको लगत कट्टा गरिएको रकम सञ्चितकोषमा दाखिला हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२६,५८५ |

७७ **प्रधानमन्त्री रोजगार कार्यक्रम-** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह मा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ प्रचलनमा छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वटै वडामा १० वटा योजना सञ्चालन गरी यस वर्ष ७९ जनालाई औसत ९०.३२दिनले ७१३५ दिन रोजगारी उपलव्ध गराई रु ४०,७३,३२१.१२।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन ।योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

७८ **अनुगमन** -प्रधानमन्त्री रोजगार कार्यक्रमको विभिन्न योजनाहरु पदाधिकारी र कर्मचारीहरुद्धारा अनुगमन गरेको भनि रु. ९०,००० खर्च लेखेको छ। श्रेस्ता साथ अनुगमन गरेको योजनाको नाम, अनुगमन गरेको मिति, स्थान र अनुगमन गरेबापत अनुगमन प्रतिवेदन पेश गरेको छैन। कामको बास्तविक विवरण नखुलाई अनुगमन बापतको यातायात भत्ता खर्च लेख्नु नियम सम्मत देखिदैन। पटक पटक माग गर्दा समेत अनुगमनको विवरण पेश नभएकाले अनुगमन भएको हो भनि एकिन हुन सकिएन। अनुगमनको स्पष्ट विवरण पेश नगरी अनुगमन बापत यातायात खर्च लेख्न नमिल्ने भएकाले उक्त रकम असुल हुनुपर्ने रु.

| नाम | पद | योजना सं. | दिन | दर | रकम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| कल्पना चौधरी | उपाध्यक्ष | १० | १० | १२०० | १२००० |
| नारायण साह | रोजगार संयोजक | १० | ३० | १२०० | ३६००० |
| राकेश लाल दास | स.ई. | १० | ३० | १००० | ३०००० |
| जम्मा | | | | | ७८००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७८,००० |

७९ **सहकारी नियमन-** सहकारी ऐन २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक बार्षिक प्रतिवेदन गाउँपालिकामा बुझाउनुपर्ने र सहकारी नियमावली २०७५ को नियम २८ (४) सहकारी संस्थाको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका २०७८ को दफा (३) मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकिकृत सुचना व्यवस्थापन प्रणाली (COPMIS ) मा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले दिएको विवरण अनुसार पालिका क्षेत्र मा २१ वटा सहकारी संस्था कार्यरत रहेका छन। सहकारी संस्थाहरुसंग एकिकृत सुचना व्यवस्थापन प्रणाली (COPMIS) बाट विवरण दाखिला गर्न लगाई सोको विवरण दाखिला गरेको पाइएन। ऐन नियमावली र निर्देशिका अनुसार विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

८० **एम्बुलेन्स तर्फ-** गा पाले दिएको विवरण अनुसार एम्बुलेन्स सञ्चालनमा रहेको भन्ने कुरा लेखापरीक्षणको क्रममा बुझियो। तर उक्त एम्बुलेन्स बाट कति आम्दानी भयो भन्ने कुराको यकिनगर्ने रसिद नियन्त्रण खाता र लगबुक प्राप्त नभएको साथै एम्बुलेन्स बाट प्राप्त रु १०,०००/- को बैङ्कदाखिलाको भौचर मात्रै प्राप्त भएको हुँदा वास्तविक रुपमा एम्बुलेन्स बाट कति राजस्व संकलन भयो यकिन गर्न सकिएन। पालिकाले एम्बुलेन्स सचालन बापतको राजस्व आयको विवरण अध्यावधिक गरी राख्ने तर्फ ध्यान दिनुपर्दछ।

८१ **धरौटी र कोष-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा जमानत वापतराखेको धरौटी फिर्ता गर्दा सम्बन्धित निर्माण व्यवसायि वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजश्व कार्यालयको कर विवरण (मूल्य अभिवृद्धि कर समायोजन) पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले गो भौ नं. ६ बाट मिति २०७९।०९।२८ मा आर्यन कन्स्ट्रकसन लाई धरौटि फिर्ता गरेकोमा कर समायोजन को प्रमाण पेश गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७८,४५८ |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : अग्नीसाइर कृष्णासवरन गाउँपालिका, सप्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कमलदेव यादव | २०७७-१२-९ | २०७९-४-३१ |
| कार्यालय प्रमुख | Arbind kumar chaudhary | २०८०-१-१० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ११,५८३,९५९ | ६०५,८८४ | २८,९२७,५३०.२२ | ० | ० | ५००,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४१,६१७,३७३.२२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ६,२२८,३७४ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३५,३८८,९९९.२२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९६७५५४३२.८१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०४०९९२३१.१ | **चालु खर्च** | २५८८३१२८६.९८ |
| **प्रदेश सरकारबाट अनुदान** | २५१८७४३८ | **पूँजीगत खर्च** | १९७७०४३३५ |
| **राजश्व बाँडफाँट** | ७७०४९८६८.२२ | **वित्तीय/अन्य व्यवस्था** | १४७४४३५९५.७१ |
| **आन्तरिक आय** | ९६३६९९५.८ | | |
| **अन्य आय** | १४५५०६५६१.२१ | | |
| **कुल आय** | ५६१४८००९४.३३ | **कुल खर्च** | ६०३९७९२१७.६९ |
| **बाँकी मौज्दात** | | ५४२५६३०९.४५ | |

## बेरूजु दफा ४१ सँग सम्बन्धित विवरण - अनुसूची -३

| क्र.सं. | योजनाको नाम | लागत अनुमान | सडक बोर्डबाट व्यहोर्ने रकम | गो.भौ./मिति | कार्य सम्पन्न | सडक बोर्डबाट भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १ | महेन्द्र राजमार्गदिखी बेल्हा प्रसवनी सडक | ४२,९६,७६६।१३ | ३००००००।— (६९.८२%) | २/२०७९-९-२९ ६/२०७९-१२-२६ | ४१०८४०९।६८ | ३४७८०४३।- | ६,०९,५५१।३६ |
| २ | वेल्हा सडक स्तरोन्नती | ११००७९३।१३२ | ९०००००।- (८१.७४%) | ९/२०८०-३-२२ | १०२४५२२।६३ | ९९८९०९।- | १,६१,४६४।२० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | टेग्रीं बनौली सडक स्तरोन्नती | ११०२९८३।७२४ | ९०००००।—(८१.६०%) | ११/२०८०-३-२४ | १०८७३८३।५१ | १०६०१९८।- | १७२,८९३।०६ |
| ४ | बिशाल चौकदेखि मटिगढा सकड | २७०६४५२।१२५ | २००००००।—(७३.९०%) | १२/२०८०-३-२४ | २२४०७७५।९१ | १७३८७८२।- | ८२८४८।६० |
| | जम्मा | | | | | | १०,२६,७५७।२२ |

**बेरूजु दफा ५१.२ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| विद्यालय | बार्षिक विद्यालय सुधार योजना(SIP) | सामाजिक परीक्षण र लेखापरीक्षण खर्च | जम्मा |
|---|---|---|---|
| हिरावति आ.वि. बकधुवा | १५००० | १०००० | २५००० |
| आधारभुत वि. बनौली | १५००० | १०००० | २५००० |
| जनता रा.प्रा.वि भुर्की | १५००० | १०००० | २५००० |
| जनता आ.वि. मटीगढी | २०००० | १५००० | ३५००० |
| आ.वि. छपकी बकधुवा | १५००० | १०००० | २५००० |
| राम जानकी प्रा. वि . बडगोरिया | १५००० | १०००० | २५००० |
| श्यामा रा.प्रा.वि. पसबानी | १५००० | १०००० | २५००० |
| मदर्शा दारुल करान छपकी बकधुवा | १५००० | १०००० | २५००० |
| जनजागरण रा.प्रा.वि इटहर्वा | २०००० | १५००० | ३५००० |
| रा.आ.वि. रतवाला बकधुवा | १५००० | १०००० | २५००० |
| जनता आ.वि. हरिरपुर | १५००० | १०००० | २५००० |
| रा.प्रा.वि. बेल्हा तिलेबोना | १५००० | १०००० | २५००० |
| जनचेतना मा.वि. भवानीपुर | २०००० | १५००० | ३५००० |
| सामुदायिक आ.वि. मोहनपुर | १५००० | १०००० | २५००० |
| महिकर मा.वि. प्रशवनी | २०००० | १५००० | ३५००० |
| ठाकुरजी मा.वि. प्रसवनी | २०००० | १५००० | ३५००० |
| स.दे.फ.ज.मा.वि | २०००० | १५००० | ३५००० |
| जम्मा | | | ४८५००० |

**बेरूजु दफा ५१.३ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| विद्यालय | रकम |
|---|---|
| हिरावति आ.वि. बकधुवा | ६०८०० |
| आधारभुत वि. बनौली | ९२४५० |

| | |
|---|---|
| जनता रा.प्रा.वि भुर्की | ३१२०० |
| जनता आ.वि. मटीगढी | ४८६०० |
| आ.वि. छपकी बकधुवा | ४०६५० |
| राम जानकी प्रा. वि . बडगोरिया | ३६६०० |
| श्यामा रा.प्रा.वि. पसबानी | ६४८०० |
| मदर्शा दारुल करान छपकी बकधुवा | ३४१५० |
| जनजागरण रा.प्रा.वि इटहर्वा | ३६७५० |
| रा.आ.वि. रतवाला बकधुवा | ६८९५० |
| जनता आ.वि. हरिरपुर | ५९६५० |
| रा.प्रा.वि. बेल्हा तिलेबोना | ३११५० |
| जनचेतना मा.वि. भवानीपुर | १०९७५० |
| सामुदायिक आ.वि. मोहनपुर | ६२८०० |
| महिकर मा.वि. प्रशवनी | ११८२५० |
| ठाकुरजी मा.वि. प्रसवनी | ६४८०० |
| स.दे.फ.ज.मा.वि | १९४६०० |
| जम्मा | ११,५५,९५० |

**बेरूजु दफा ५१.७ सँग सम्बन्धित विवरण - अनुसूची -६**

| विद्यालय | निकासा दिन | सञ्चालन दिन | वि.सं. | दर | बढी दिन | रकम |
|---|---|---|---|---|---|---|
| हिरावति आ.वि. बकधुवा | ९० | ८५ | २४६ | १५ | ५ | १८४५० |
| आधारभुत वि. बनौली | ९० | ३३ | ३३२ | १५ | ५७ | २८३८३० |
| जनता रा.प्रा.वि भुर्की | ९० | ८१ | १२९ | १५ | ९ | १७४१५ |
| जनता आ.वि. मटीगढी | ९० | ७९ | २३० | १५ | ११ | ३७९५० |
| आ.वि. छपकी बकधुवा | ९० | ९०( दिवाखाजामा ५० प्रतिशत मात्र उपस्थिती) | १४५ | १५ | ५० प्रतिशत मात्र उपस्थिति | २५९४३ |
| राम जानकी प्रा. वि . बडगोरिया | ९० | ८७ | २०० | १५ | ३ | ९००० |
| श्यामा रा.प्रा.वि. पसबानी | ९० | ७८ | ३०९ | १५ | १२ | ५५६२० |
| मदर्शा दारुल करान छपकी बकधुवा | ९० | ८२ | १४१ | १५ | ८ | १६९२० |
| जनजागरण रा.प्रा.वि इटहर्वा | ९० | ८० | ११२ | १५ | १० | १६८०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| रा.आ.वि. रतवाला बकधुवा | ९० | ८१ | १४६ | १५ | ९ | १९७१० |
| जनता आ.वि. हरिरपुर | ९०(८० प्रतिशत मात्र वि. उपस्थिति) | ८१ | १४५ | १५ | ९ | ५८७२५ |
| रा.प्रा.वि. बेल्हा तिलेबोना | ९० | ७९ | १५० | १५ | ११ | २४७५० |
| जम्मा | | | | | | ५,८५,११३ |

**बेरूजु दफा ६५ सँग सम्बन्धित विवरण - अनुसूची -७**

| भौ.च.नं. मिति | नाम | पद | कार्यक्रम | व्यहोरा | जम्मा |
|---|---|---|---|---|---|
| १३४-३/२० | दिनानथ चौधरी | अध्यक्ष | स्वास्थ्य संस्थाहरुको मासिक बैठक अन्तर्गत ४ महिनाको बैठक | पालिकाको हलमा सम्पन्न हुँदा यातायात भत्ता बुझेको | २४०० |
| | कल्पना कुमारी चौधरी | उपाध्यक्ष | | | २४०० |
| | कमल प्रसाद चौधरी | स्वा.शा.प्र | | | २४०० |
| | सकुन्तला चौधरी | सि.अ.न.मि | | | २४०० |
| | मनोज कुमार चौधरी | ज.स्वा.नि. | | | २४०० |
| | राजेश कुमार यादव | अ.क.स | | | ६०० |
| १३७-३/२२ | अर्चना कुमारी चौधरी | उ.वि.स | सिलाई कटाइ र चुरा बनाउने तालिम | एउटै मिति र स्थानमा सञ्चालन भएकोमा दुवै कार्यक्रमको यातायात बुझेको | १५०० |
| | कल्पना कुमारी चौधरी | उ.वि.स | | | १५०० |
| १५२-३/२४ | कमल प्रसाद चौधरी | स्वा.सं. | वडाहरुमा सञ्चालित पोषण कार्यक्रममा अनुगमन | सहभागी भत्ता र यातायात भत्ता दुवै वुझेको | ४००० |
| | सकुन्तला कुमारी चौधरी | सि.अ.न.मि | | | ४००० |
| | मनोज कुमार चौधरी | | | | ४००० |
| | इन्दु कुमारी चौधरी | MINSP | | | ४००० |
| १६१-३/२९ | दिननाथ चौधरी | अधक्ष | ANC to PNC कार्यक्रम | कार्यक्रम भत्ता र यातायात दुवै बुझेको | १५०० |
| | कल्पना चौधरी | उ.अ. | | | १५०० |
| जम्मा | | | | | ३४६०० |

नोट- प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन (PAR) र अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) मा जारी भएको दफाको क्रम संख्या हेरफेर हुन सक्नेछ।